# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन' रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा. शि. ५९८ को पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको छ ।

## १.३ समस्याकथन

कुनै पनि भाषामा शब्दभण्डारको महत्त्पूर्ण भूमिका रहेको हुन्छ । भाषाशिक्षणमा भाषा नै साध्य साधन हुने गर्दछ । अतः भाषाशिक्षणको एक पक्ष शब्दभण्डारको शिक्षण पनि हो । नेपाली भाषामा पनि शब्दभण्डार शिक्षणलाई निकै प्राथामिकताकासाथ हेर्ने गरिन्छ । भाषालाई सशक्त र समृद्ध बनाउन शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहन्छ । कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरू ५/६ वर्षका हुने गर्दछन् । यस कक्षाका विद्यार्थीहरूले कतिपय बाल शब्दभण्डारको प्रयोग गर्दछन्। तल्ला कक्षाका पाठ्यपुस्तकमा पनि यस्तै शब्दभण्डारको प्रयोग हुनुपर्दछ ।

कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरूको शब्दभण्डार सम्बन्धी पूर्व क्षमता कस्तो रहेको छ? विद्यार्थीहरूमा अपेक्षा गरिएको क्षमता कस्तो छ ? र तिनीहरूबीचको अन्तर कस्तो छ भन्ने समस्यामा प्रस्तुत शोध केन्द्रित रहेको छ । त्यस्तै पाठ्यपुस्तकमा के कस्ता बाल शब्दभण्डारको प्रयोग भएको छ ? शब्दभण्डार शिक्षणमा के कस्ता समस्याहरू रहेका छन् ? र शब्दभण्डार क्षमता अभिबृद्धि गर्न के कस्ता कार्य गर्न सकिन्छ ? भन्ने समस्या यस शोधको रहेको छ । यसै सन्दर्भमा कक्षा १ मा अध्ययनरत विद्यर्थीहरूको बाल शब्दभण्डार क्षमता कस्तो रहेको छ ? भन्ने समस्यासँग यस शोध केन्द्रित रहको छ । सरकारी र निजी विद्यालयमा कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता सम्बन्धी प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता कस्तो छ ?
ख) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमतामा कस्तो अन्तर छ ?
ग) छात्र र छात्राको बाल शब्दभण्डार क्षमता तुलनात्मक रूपमा कस्तो छ ?

## १.४ शोध कार्यको उद्देश्य

उद्देश्यबिना कुनै पनि शोध कार्य सम्पन्न गर्न सकिदैन । अतः प्रस्तुत शोध कार्यको निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) कक्षा एकमा अध्ययन गर्ने विद्यार्थीहरूको बाल शब्दभण्डर क्षमताको पहिचान गर्नु ,
ख) सरकारी र निजी विद्यालयमा कक्षा एकमा अध्ययन गर्ने विद्यार्थीहरूको बाल शब्दभण्डारको तुलना गर्नु ,
ग) छात्र र छात्राको बाल शब्दभण्डार क्षमताको विश्लेषण गर्नु ,
घ) शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्या पहिचान गरी समाधानका लागि सुझावहरू प्रस्तुत गर्नु ।

## १.५ शोधको औचित्य

भाषामा शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषाशिक्षण गर्दा शब्दभण्डारको पनि शिक्षण गर्नुपर्ने हुन्छ । शब्दभण्डार शिक्षणको प्रयोजन विद्यार्थीमा शब्दभण्डार क्षमताको बृद्धि गर्नु हो । शब्दभण्डार सम्बन्धी अध्ययन आफैंमा महत्त्वपूर्ण क्षेत्र हो । अतः पाठ्यपुस्तक निर्माणका क्रममा पनि शब्दभण्डार सम्बन्धी व्यापक अध्ययन अनुसन्धान हुन आवश्यक छ । कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरू ५/६ वर्षका हुने गर्दछन् । यस उमेरका विद्यार्थीहरूले बाल शब्दभण्डारको प्रयोग गर्दछन् । तसर्थ उनीहरूमा बाल शब्दभण्डार क्षमता कस्तो रहेको छ भनी गरिने अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा पाठ्यपुस्तक निर्माणमा समेत सहयोग पुग्ने भएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ । त्यस्तै कक्षा १ को पाठ्पुस्तक तयार गर्न आवश्यक बाल शब्दभण्डारका बारेमा जानकारी दिने हुनाले यो अध्ययन उचित र महत्त्वपूर्ण देखिन्छ । यस अध्ययनबाट विद्यार्थीको शब्दभण्डार क्षमता पत्ता लाग्ने भएकाले सोही निष्कर्षका आधारमा विद्यार्थीहरूको क्षमता पहिचान गरी शब्दार्थ शिक्षण गर्न शिक्षकलाई निक्कै सहयोग पुग्दछ । शब्दभण्डार क्षमता अभिबृद्धि सम्बन्धी समस्या पहिचान गरी समधानका लागि सुझावहरूसमेत यस शोधबाट प्राप्त गर्न सकिने भएकाले कक्षा शिक्षणमा यो गतिलो आधार बन्न सक्छ । यस्तै

हालसम्म बाल शब्दभण्डार क्षमताको अध्ययन नभएकाले पनि प्रस्तुत शोध आफैमा औचित्यपूर्ण हुने देखिन्छ ।

## १.६ प्राक्कल्पना

कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन कार्य पूर्ण भइनसकेको हुनाले उनीहरूका बारेमा यस प्रकारको प्राक्कल्पना निर्माण गरिएको छ ।

(क) सरकारी  र निजी विद्यालयका कक्षा एकमा अध्ययनरत विद्यार्थीको बाल शब्दभण्डार क्षमता समान छ ।

(ख) छात्र र छात्राको बाल शब्दभण्डार क्षमतामा कुनै अन्तर छैन ।

## १.७ शोधको सीमा

प्रस्तुत अध्ययनलाई निम्नलिखित सीमा र परिधिमा सीमित गरिएको छ ।

(क) प्रस्तुत अध्ययन झापा जिल्लाका सरकारी र निजी विद्यालयको कक्षा एकमा अध्ययन गर्ने विद्यार्थीको परीक्षणमा सीमित छ ।

(ख) यस अध्ययनको निष्कर्ष कक्षा एकमा अध्ययनरत विद्यार्थीको बाल शब्दभण्डार क्षमताको परीक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषणमा सीमित रहेको छ ।

(ग) परीक्षण गरिने बाल शब्दभण्डार कक्षा एकको पाठ्यपुस्तकमा समावेश गरिएको बाल शब्दभण्डारमा मात्र सीमित गरिएको छ ।

(घ) प्रस्तुत अध्ययन झापा जिल्लाका ६ ओटा विद्यालयका कक्षा १ मा अध्ययनरत ६० जना विद्यार्थीहरूको नेपाली बाल शब्दभण्डार क्षमताको विश्लेषणमा सीमित  रहको छ ।

## १.८ शोध विधि

प्रस्तुत अध्ययनका क्रममा मूलतः क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको छ भने केही मात्रामा पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ ।

### १.८.१ नमुना छनोट

यो अध्ययन कक्षा १ मा अध्ययनरत विद्यार्थीको बाल शब्दभण्डार क्षमता पहिल्याउन केन्द्रित भएकाले शैक्षिक सत्र २०६९ मा कक्षा १ मा अध्ययन गर्ने झापा जिल्लाका सरकारी र निजी

विद्यालयका विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइको छ । यस क्रममा झापा जिल्लाको सतासीधाम गा.वि.स. अन्तर्गतका ३ ओटा सरकारी र ३ ओटा निजी विद्यालयका ३० जना छात्र र ३० जना छात्रा गरी जम्मा ६० जनालाई नमुना छनौट गरी उनीहरूमा बाल शब्दभण्डार क्षमता परीक्षण गरिएको छ । ती विद्यार्थीहरूलाई विद्यालयको स्वरूप (सरकारी र निजी ) र लैङ्गिक (छात्र र छात्रा) दृष्टिका आधारमा वर्गीकरण गरिएको छ ।

### १.८.२ सामग्री निर्माण

यो अध्ययन विद्यार्थीको बाल शब्दभण्डार क्षमताको पहिचान गर्नमा केन्द्रित रहेकाले कक्षा १ को नेपाली किताबमा प्रयुक्त बाल शब्दहरूलाई सूचीबद्ध गरी ती शब्दहरूका आधारमा प्रश्नहरू निर्माण गरिएको छ । प्रश्नहरूलाई खण्ड ‘क’ र खण्ड ‘ख’ गरी दुई खण्डमा विभाजन गरिएको छ । खण्ड ‘क’ मा पहिचानात्मक प्रकृति (बहुबैकल्पिक र जोडा मिलाउने) का प्रश्नहरू राखिएका छन् भने खण्ड ‘ख’ मा उत्पादनात्मक प्रकृति (खालि ठाउँ भर्ने) का प्रश्नहरू तयार पारिएका छन् । खण्ड ‘क’ मा २५ ओटा र खण्ड ‘ख’ मा १५ ओटा गरी जम्मा ४० ओटा प्रश्नहरू निर्माण गरिएका छन् ।

### १.८.३ पूर्व परीक्षण

प्रश्न पत्र निर्माण भइसकेपछि सर्वप्रथम विशेषज्ञहरूको राय लिई आवश्यक संशोधन र सम्पादन गरेर दश जना विद्यार्थीहरूबाट उक्त प्रश्नको पूर्वपरीक्षण गरिएको छ । पूर्व परीक्षण पश्चात् प्रश्न निर्माण गरी औसत कठिनाइस्तर भएको प्रश्नहरू समावेश गराइएको छ । प्रश्न विश्लेषण गर्न निम्न सूत्रको प्रयोग गरिएको छ ।

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P= प्रश्नहरूको कठिनाइस्तर

R = सही उत्तर दिने विद्यार्थी संख्या

T= कुल विद्यार्थी संख्या

### १.८.४ अन्तिम परीक्षण

पूर्व परीक्षण पश्चात् तयार पारिएको ४० ओटा प्रश्नहरूलाई झापाका ६ ओटा विद्यालयका ६० जना विद्यार्थी छनौट गरी परीक्षा लिइएको छ । उक्त परीक्षणका निम्ति अधिकतम

समय ४० मि. तोकिएको छ । परीक्षा सञ्चालन पूर्व विद्यार्थी तथा शिक्षकसँग परिचय गर्दै अध्ययनको प्रयोजन स्पष्ट पारिएको थियो ।

### १.८.५ तथ्यको सङ्कलन

तथ्य संकलनका क्रममा तथ्यहरू मुख्य रूपमा प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ । साथै गौण रूपमा द्वितीय स्रोतबाट सङ्कलित सामग्रीलाई पनि उपयोगमा ल्याइएको छ ।

#### १.८.५.१ प्राथमिक स्रोत

तथ्य संकलन गर्न विद्यार्थीहरूमा परीक्षण गरिएको छ । परीक्षण पश्चात् उत्तर कुञ्जिका तयार पारी हरेक सही उत्तरको १ अङ्क र गलत उत्तरको ० अङ्क दिइएको छ । पहिचानात्मक र उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको अङ्कन छुट्टा छुट्टै गरिएको छ । त्यसपछि सम्रग सरकारी र निजी , छात्र र छात्राको प्राप्ताङ्क लाई वर्गीकरण गरी तालिकीकरण गरिएको छ ।

#### १.८.५.२ द्वितीय स्रोत

द्वितीय स्रोतका रूपमा कक्षा १ को पाठ्यपुस्तक, त्यससँग सम्वन्धित पूर्वकार्यहरू त्यस्तै अनुसन्धान प्रतिवेदनहरू, सन्दर्भ पुस्तक, सोधसार आदिबाट तथ्य संकलन गरिएको छ ।

### १.८.६ तथ्याङ्कको विश्लेषण

तथ्यहरूको विश्लेषणको क्रममा सम्पूर्ण विद्यार्थीको मध्यमान निकालिएको छ । परीक्षण गरिएको विद्यार्थीहरू मध्ये उक्त मध्यमान भन्दा तल र माथि कति प्रतिशत छ भनी गणना गरिएको छ । सरकारी निजी विद्यालयका विद्यार्थीको मध्यमान छुट्टा छुट्टै निकालिएको छ । सोही आधारमा विद्यार्थीको क्षमताको विश्लेषण गरिएको छ । तथ्यको विश्लेषणका निम्ति निम्न सूत्रको प्रयोग गरिएको छ ।

$$\text{मध्यमान } (\overline{X}) = \frac{\sum fX}{N}$$

यहाँ, $\sum$ = योगफल

fx = प्राप्ताङ्क र आवृत्तिको गुणङ्क

N = आवृत्तिको योगफल

मानक विचलन $\pm = \sqrt{\dfrac{\sum fX^2 - \left(\sum fX\right)^2 / N}{N}}$

यहाँ, $\sum$ = योगफल

$X^2$ = प्राप्ताङ्कको गुणनफल

$(\sum X)^2$ = प्राप्ताङ्कको योगफलको वर्गफल

N = जम्मा संख्या

त्यस्तै प्राक्कल्पना परीक्षण गर्नका निम्ति निम्न सूत्रको प्रयोग गरिएको छ ।

$$Z = \frac{\overline{X_2} - \overline{X_1}}{\sqrt{\frac{S_2^2}{N_2} + \frac{S_1^2}{N_1}}}$$

यहाँ,

$\overline{X_2}$ = दोस्रो समूहको मध्यमान

$\overline{X_1}$ = पहिलो समूहको मध्यमान

$S_2$ = दोस्रो समूहको मानक विचलन

$S_1$ = पहिलो समूहको मानक विचलन

$N_2$ = दोस्रो समूहको जम्मा सङ्ख्या

$N_1$ = पहिलो समूहको जम्मा सङ्ख्या

माथिका सूत्रको प्रयोग गरी प्राप्त परिणामका आधारमा विश्लेषणका विभिन्न पद्धति अपनाई व्याख्या विश्लेषण गरिएको छ । व्याख्या गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक पद्धति अपनाइएको छ । त्यस्तै सङ्कलित तथ्यहरूलाई तालिकीकरण र आरेखमा देखाई व्याख्या विश्लेषण गरिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई निम्नलिखित ५ परिच्छेदमा विभाजन गरी प्रस्तत गरिएको छ ।

१. पहिलो अध्याय : शोधको परिचय

२. दोस्रो अध्याय : पूर्वकार्यको समीक्षा

३. तेस्रो अध्याय : शब्दभण्डारको सैद्धान्तिक परिचय

४. चौथो अध्याय : व्याख्या र विश्लेषण

५. पाँचौ अध्याय : निष्कर्ष र सुझावहरू

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा

विगतमा भए गरेका अध्ययन अनुसन्धान कार्यका अनुभवले वर्तमान अनुसन्धानलाई निर्देशित गर्ने भएकाले सबै जसो अध्ययनलाई पूर्वकार्यको अध्ययनको आवश्यकता पर्दछ । पूर्वकार्यको समीक्षाले त्यस विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानहरूको सम्यक् जानकारी दिन्छ जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँदछ (भट्टराई २०६५:९३) । पूर्वकार्यको अध्ययनबिना वर्तमान कार्यलाई पूर्णता दिन असम्भव प्राय हुने हुँदा पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक हुन्छ । अतः शब्दभण्डार सम्बन्धी हालसम्म भएका अध्ययन अनुसन्धानको संक्षिप्त चर्चा निम्नानुसार गरिएको छ ।

सर्वप्रथम सन् १९२१ मा थर्नडाइकले प्राथमिक तहमा प्रयोग गर्ने आधारभूत शब्दहरूका बारेमा अध्ययन गरेर शब्दभण्डार सम्बन्धी अध्ययन कार्यलाई आरम्भ गरेका थिए । त्यसै गरी विद्वान् हर्नले सन् १९२६ मा प्रौढहरूको शब्दभण्डार सम्बन्धी अध्ययन गरेका थिए ।

सन् १९२६ मै श्यामबोग एण्ड श्यामबोगले प्राथमिक तहका बालबालिकाहरूको शब्दभण्डारको अध्ययन गरेका थिए । त्यसैगरी सन् १९३६ मा वाकिङ्घम र डोल्थाले गरेको, सन् १९४५ मा रिन्सलैन्डले गरेको, सन् १९५९ मा पियाजेले गरेको अनुसन्धानहरू पनि शब्दभण्डार अध्ययनको क्षेत्रमा महत्त्वपूर्ण रहेका छन् ।

शब्दभण्डारमा मात्र केन्द्रित भएर गरिएको पहिलो अनुसन्धान राजेन्द्रकुमार रङ्गोगको A study of the spoken of the vocabulary of the children (सन् १९८३) हो । यो अध्ययन प्राथमिक तहका उमेर समूहका बालबालिकाहरूको मौखिक प्रयोगमा आउने शब्दको पहिचान गर्ने कार्यको लागि निक्कै उपयोगी देखिन्छ ।

बाल भाषाको अध्ययनका क्रममा बाल शब्दभण्डारको अध्ययन भएको पाइन्छ । यसको अध्ययनको सरूवात भने अङ्ग्रेजी मातृभाषी हुने बालबालिकाहरूको शब्दभण्डार बृद्धिदर कस्तो हुन्छ भन्ने विषयमा विद्वान्हरूले अध्ययन गरेका छन् । यसरी अध्ययन गर्नेहरूमा स्मिथ, बेरी, रिचर्डस, क्रिस्टल आदि उल्लेख्य छन् । नेपाली भाषाका सन्दर्भमा बालभाषा र बाल शब्दभण्डारको अध्ययन हेमाङ्गराज अधिकारीले गरेका छन् । उनले बालकको उमेरको बृद्धि हुँदै जाँदा बालकले एकशब्दे बाक्य, टेलिग्राफिक बोली बोल्दै विद्यालय उन्मुख भाषाको प्रयोग गर्दछ भनेका छन् । यसै अध्ययमा उनले बाल शब्दभण्डारको चर्चा गरेका छन् ।

शब्दभण्डारमा मात्र केन्द्रित भएर डा.हेमाङ्गराज अधिकारी र डा.केदारप्रसाद शर्मा (२०५२) द्वारा "कक्षा तीन पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन" शीर्षकमा अध्ययन गरिएको छ । यो अध्ययन भरपर्दो , निक्कै व्यवस्थित र सम्बन्धित विषयक्षेत्रमा सीमित रहेर गरिएकाले यसलाई शब्दभण्डारको क्षेत्रको निक्कै उल्लेखनीय कार्य मानिन्छ । यस अध्ययनले शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, छात्राभन्दा छात्रको शब्दभण्डार क्षमता राम्रो रहेको, पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपालीबीच खासै अन्तर नरहेको, समग्रमा शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको देखिन्छ । त्यस्तै भाषिक पृष्ठभूमिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा ठूलो अन्तर नपरे तापनि स्थलगत दृष्टिले भने ग्रामीण छात्र छात्राको स्तर तल रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

शब्दभण्डार सम्बन्धी अर्को अध्ययन गोपीकृष्ण काफ्लेद्वारा "कक्षा एकको मेरो नेपाली किताबमा प्रयुक्त शब्दभण्डारको अध्ययन" शीर्षकमा गरिएको छ । प्रस्तुत शोध कार्य एम. एड. तहको दोस्रो वर्षको पाँचौं पत्रको प्रयोजनको निम्ति तयार पारिएको हो । उक्त अध्ययनमा कक्षा एकको मेरो नेपाली किताबमा प्रयोग भएका शब्दहरूको पदवर्गका दृष्टिले वर्गीकरण गर्ने, स्रोतका दृष्टिले उक्त पाठ्पुस्तकमा प्रयोग भएका शब्दहरूको वर्गीकरण गर्ने, कक्षा एकको विद्यार्थीहरूको उमेर समूहका दृष्टिले उक्त पाठ्यपुस्तकमा समावेश विभिन्न विषयसँग सम्बन्धित शब्दहरू पहिल्याउने, शब्दहरूको आवृत्ति पत्ता लगाउने र पाठ्यपुस्तकको शब्दभण्डार सुधारका लागि सुझाव दिने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनमा पुस्तकालयीय विधिको उपयोग गरिएको थियो । उक्त शोध कार्यबाट कक्षा एकको मेरो नेपाली पाठ्यपुस्तकमा जम्मा ३८४ शब्दहरू रहेका, तीमध्ये पदवर्गका दृष्टिले नामवर्गका शब्दहरूको सङ्ख्या अधिक रहेको, स्रोतका दृष्टिले वर्गीकरण गर्दा सबैभन्दा बढी झण्डै ७१ प्रतिशत शब्दहरू तद्भव रहेको निष्कर्ष निकालिएको छ ।

वि.सं.२०५४ मा डा.केदारप्रसाद शर्मा र डा.पारसमणि भण्डारीले "प्राथमिक शिक्षाका बालबालिकाको शब्दभण्डार" शीर्षकमा गरिएको अध्ययन पनि शब्दभण्डारसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा कक्षा १ का नेपाली, मैथिली, तामाङ्ग, थारू र राई मातृभाषी विद्यार्थीहरूबाट करिब २००० शब्दहरू संकलन गरी तिनको विश्लेषण गरिए पनि ती शब्दसूचीलाई आवृत्ति गणना र वर्णानुक्रममा राखी निष्कर्ष दिने कार्य भएको छैन ।

शब्दभण्डार क्षमता सम्बन्धी अर्को अध्ययन होमप्रसाद आचार्य (२०५४) ले गरेका छन् । उनको "कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन" शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत दास्रो वर्ष पाँचौं पत्रको परिपूर्तिको प्रयोजनार्थ तयार पारिएको हो । उक्त शोधपत्र विद्यार्थीहरूको क्षमता पहिचान गर्ने र लिङ्ग, क्षेत्र, स्थानीयता, भाषिक पृष्ठभूमि

र उमेर समूहका आधारमा कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत शोध कार्यलाई पूर्णता दिनका लागि तथ्य संकलन गर्ने क्रममा मूलतः क्षेत्रीय विधि अपनाइएको छ । उक्त शोधले कक्षा ५ पूरा गरेका विद्यार्थीहरू शब्दभण्डार क्षमता सन्तोकजनक नै रहेको, पहाड एवं तराईका तुलनामा काठमाण्डौका विद्यार्थीको शब्दभण्डार क्षमता केही कमजोर रहेको, नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा स्पष्ट भिन्नता रहेको निष्कर्ष निकालेको छ ।

त्यस्तै शब्दभण्डार सम्बन्धी अर्को अध्ययन पूर्णबहादुर कार्की (२०५७) ले “कक्षा दुईको मेरो नेपाली किताबमा समाविष्ट शब्दभण्डारको विश्लेषण” शीर्षकमा गरेका छन् । उक्त शोधपत्र नेपाली शिक्षा विभाग, ताहाचलबाट नेपाली शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयाजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोध कार्य कक्षा दुईको नेपाली किताबमा समाविष्ट शब्दहरू वर्णानुक्रममा सूची तयार गर्ने, उक्त शब्दहरूको आवृत्ति पत्ता लगाउने, विषयक्षेत्रका आधारमा वर्गीकरण गर्ने, शब्दहरूको स्रोत पत्ता लगाउने र कक्षा दुईका नेपाली किताबको शब्दभण्डारका सम्बन्धमा आवश्यक सुझाव दिने उद्देश्यमा केन्द्रित रहेको देखिन्छ । यस अध्ययनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यस्तै व्याख्या विश्लेषण गर्न वर्णनात्मक पद्धति अपनाइएको छ । प्रस्तुत शोध कार्यमा कक्षा दुईको मेरो नेपाली किताबमा शब्दभण्डारलाई समानुपातिक दृष्टिले स्थान नदिएको, आवृत्तिका दृष्टिले बालबालिकाको स्तरभन्दा कठिन शब्दको प्रयोग गरिएको, नाम र क्रियातर्फ केही मात्रामा अनुपात मिले पनि अव्यय, विशेषण र सर्वनाममा अनुपात नमिलेको निष्कर्ष निकालिएको देखिन्छ ।

केशवराज अधिकारी (२०६०) द्वारा “कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन” शीर्षकमा गरिएको शोध पनि शब्दभण्डार क्षेत्रमा महत्वपूर्ण रहेको छ । उक्त शोध कार्य त्रि.वि. शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोधकार्य विद्यार्थीहरूको क्षमता पहिचान गर्ने, स्थानीयता, लिङ्ग, भाषिक पृष्ठभूमि र उमेरका आधारमा कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता मुख्य उद्देश्यमा केन्द्रित रहेको छ । सो अध्ययनमा मुख्यतः क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । उनको यस शोधको निष्कर्षमा विद्यार्थीको शब्दभण्डार क्षमता पर्याप्त सन्तोषजनक नभएको, सहरी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर पाइएको, पहिचानात्मक शब्दभण्डारमा छात्रको तुलनामा छात्राको क्षमता बलियो भएको उल्लेख गरिएको छ ।

शब्दभण्डार सम्वन्धी गहन अध्ययन डा. पारसमणि भण्डारी (२०६०) द्वारा गरिएको पाइन्छ । उनको “प्राथमिक तह (१- ३) का विद्यार्थीहरूको आधारभूत शब्द भण्डारको निरूपण”

शीर्षकको अध्ययन विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति तयार पारिएका हो । भण्डारीले आफ्ना शोधपत्रमा प्राथमिक तह (१- ३ )का विद्यार्थीका निम्ति ३००० शब्दहरूलाई आधाभूत शब्दभण्डारका रूपमा सिफारिस गरेका छन् । यस शोध ग्रन्थको उद्देश्य प्रा.वि. तह (१- ३) का विद्यार्थीका आधारभूत शब्दभण्डारलाई अक्षर संख्या, पदवर्ग, विषय क्षेत्रका दृष्टिले वर्गीकरण एवं विश्लेषण गर्ने आदि जस्ता प्रयोजनका निम्ति उक्त अनुसन्धानद्वारा निश्चित गरिएको कक्षागत शब्दसूची सिफारिस गर्ने रहेको देखिन्छ । उनले यसमा विभिन्न पाठ्यसामाग्री तथा मौखिक स्रोतबाट शब्द संकलन गरी नेपालका विभिन्न भौगोलिक तथा पारिवारिक पृष्ठभूमि भएका बालबालिकबाट प्राप्त उक्त शब्दभण्डार नाम, विशेषण, क्रिया, क्रियाविशेषण , अनुकरणत्मक शब्द र बाल बोली गरी ६ वर्गमा विभाजन गरेका छन् भने सो शब्दभण्डार अन्तराष्ट्रिय स्तरको कक्षागत बाल शब्दभण्डारसँग मिल्दो जुल्दो रहेको निष्कर्ष निकालेका छन् ।

त्यस्तै शब्दभण्डार सम्बन्धी अर्को अध्ययन दामोदर ढुंगेल (२०६१) ले “काठमाण्डौं उपत्यकामा कक्षा ५ मा अध्ययरत सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन” शीर्षकमा गरेका छन् । उक्त शोधपत्र नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत शोध कार्य सरकारी र निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको तुलना गर्ने र सरकारी र निजी विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीको लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलना गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उनको यस अध्ययनले सरकारी भन्दा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमत राम्रो देखिएको, छात्र, छात्राको शब्दभण्डार क्षमताका स्थिति समान रहेको , भाषिक पृष्ठभूमिले शब्दभण्डार क्षमतामा खासै असर नपरेको निकर्ष निकालेको छ ।

अञ्जु अर्याल (२०६२) द्वारा “कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन” शीर्षकमा अध्ययन गरिएको देखिन्छ । उनले यस अनुसन्धनमा समग्र शब्दभण्डार क्षमता कमजोर रहेको, ग्रामीण क्षेत्रका विद्यार्थीहरूको भन्दा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा अन्तर रहेको निकर्ष निकालेकी छन् ।

वि.स. २०६४ सालमा राधा पौडेलले कक्षा ६ पूरा गरेको विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन गरेकी छन् । यस अध्ययनमा समग्र शब्दभण्डार क्षमतामा बहुप्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका, सहरी क्षेत्रका धेरैजसो विद्यार्थीहरू मध्यमानभन्दा माथि र ग्रामीण क्षेत्रका धेरै जसो विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको, छात्राहरूको शब्दभण्डार क्षमता अत्यन्तै नाजुक रहेको , निजी विद्यालयको विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको, पहिलो भाषी

नेपाली हुनेहरूको शब्दभण्डार क्षमता सन्तोषप्रद रहे पनि दोस्रो भाषा नेपाली हुनेहरूको शब्दभण्डार क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

यस्तै ज्ञानेश्वर सुवेदीले २०६५ सालमा शब्दभण्डार क्षमता सम्बन्धी अध्ययन गरेका छन् । उक्त अध्ययनको शोधपत्रमा समग्र शब्दभण्डार क्षमतामा सरकारी विद्यालयकाभन्दा निजी विद्यालयका विद्यर्थीहरूको शब्दभण्डार क्षमता अगाडि रहेको, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूमध्ये निजी विद्यालयकाभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता माथि रहेको, दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूमध्ये निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता समान रहेको, पहिचानात्मक शब्दभण्डार क्षमतामा पनि निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता समान रहेको र उत्पादनात्मक शब्दभण्डार क्षमतामा भने सरकारी विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता अगाडि रहेको निष्कर्ष निकालिएको छ ।

शब्दभण्डार क्षमता सम्बन्धी अर्को अध्ययन वेणु खतिवडा (२०६६) ले "तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन" शीर्षकमा गरेका छन् । उक्त अध्ययन तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूको शब्दभण्डार क्षमता पत्ता लगाउनु, छात्र र छात्राको शब्दभण्डार क्षमताको तुलना गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन कार्यमा क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूको शब्दभण्डार क्षमतालाई हेर्दा छात्रतर्फ मध्यमानभन्दा तल र माथि ५०/५० प्रतिशत विद्यार्थीहरू देखिएका छन् भने छात्रातर्फ ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेको कुरा उल्लेख गरिएको छ । सरकारी र निजी विद्यालयको शब्दभण्डार क्षमता हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र निजी विद्यालयका अत्यधिक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । यसबाट सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता निक्कै कमजोर र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता पर्याप्त सन्तोषजनक रहेको यस शोधपत्रको निष्कर्षमा उल्लेख गरिएको छ ।

शब्दभण्डार क्षमता सम्बन्धी नै अर्को अध्ययन मित्रलाल (२०६६) शर्माद्वारा "कक्षा ४ पूरा गरेका दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन" शीर्षकमा गरिएको पाइन्छ । उक्त अध्ययनको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा विभाग स्नातकात्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको हो । प्रस्तुत शोध कार्य कक्षा पाँचमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूको पठित शब्दभण्डार क्षमता पहिचान गर्नु, दृष्टिविहीन छात्र र छात्रा बीचमा रहेको शब्दभण्डार क्षमताको विश्लेषण गर्नु र

ग्रामीण तथा शहरी क्षेत्रमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा रहेको फरक पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनका कममा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको छ । यस शोध पत्रमा समग्र शब्दभण्डार क्षमत सन्तोषजनक रहेको, छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, समग्रमा पहिचानात्मक शब्दभण्डार क्षमता सबल रहेको, ग्रमीण र शहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा सार्थक अन्तर नरहेको, लि□गत दृष्टिले शब्दभण्डार क्षमतामा खासै अन्तर नरहेको निष्कर्ष निकालिएको छ ।

त्यस्तै शब्दभण्डार सम्बन्धी अर्को अध्ययन अशोदाकुमारी श्रेष्ठ (२०६७) ले "सिन्धुली जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन"शीर्षकमा गरेकी छन् । उक्त अध्ययनको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्ष नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको हो । प्रस्तुत अध्ययन सिन्धुली जिल्लाका सामुदयिक तथा सँस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु, छात्र र छात्राको शब्दभण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डनर क्षमताको तुलनात्मक पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोध कार्यमा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरिएको छ । प्रस्तुत शोध कार्यबाट सिन्धुली जिल्लाका कक्षा ९ का विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमता सामान्यतः सन्तोषजनक रहेको, छात्राभन्दा छात्रको शब्दभण्डार क्षमता सबल भएको, सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, भाषिक पृष्ठभूमिले शब्दभण्डार क्षमतामा खासै असर नपारेको निष्कर्ष निकालिएको. छ ।

यसरी अन्त्यमा के भन्न सकिन्छ भने शब्दभण्डार सम्बन्धी अध्ययन नभएका होइनन् । माथि उल्लेखित अध्ययनहरू शब्दभण्डार सम्बन्धी भएका महत्त्वपूर्ण अध्ययनहरू हुन् । यी अध्ययनले पाठ्यक्रम निर्माण, पाठ्पुस्तक लेखन तथा शिक्षणसिकाइ प्रकियामा सहयोग गर्ने निश्चत छ तर शब्दभण्डार सम्बन्धी अध्ययन अनुसन्धान यथेष्ट मात्रामा हुन सकेको देखिदैन । शब्दभण्डार क्षमता सम्बन्धी विभिन्न शीर्षकमा भएका अध्ययन अनुसन्धानले यस अनुसन्धानलाई सहयोग पुग्ने देखिन्छ तापनि बाल शब्दभण्डार क्षमता सम्बन्धी अध्ययन अझै हुन सकेको देखिदैन। अतः प्रस्तुत शोध कार्यले कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूमा बाल शब्दभण्डार क्षमता कस्तो रहेको छ भन्ने तथ्यपरक निष्कर्ष निकाल्नेछ ।

# अध्याय तीन
## शब्दभण्डारको सैद्धान्तिक परिचय

यस अध्यायमा शब्दभण्डारको सैद्धान्तिक परिचय शीर्षक अन्तर्गत नेपाली शब्दभण्डार, शब्दभण्डारको वर्गीकरण, शब्दभण्डारको महत्त्व एवं शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्ध र बाल शब्दभण्डारको परिचयको चर्चा विभिन्न उपशीर्षक अन्तर्गत गरिएको छ ।

### ३.१ नेपाली शब्दभण्डार

भाषा भनेको वर्ण, रूप, शब्द, पदावली, उपवक्य र वाक्यहरूको समष्टि रूप हो । ती मध्ये शब्द स्वतन्त्र भाषिक एकाइ हो । शब्द भनेको स्वतन्त्र रूपमा प्रयोग हुने अर्थयुक्त भाषिक एकाइ हो ( शर्मा, २०५३ : ३ ) । अतः ती स्वतन्त्र भाषिक एकाहरूको समष्टिगत रूप नै शब्दभण्डार हो । शब्दभण्डारलाई शब्द ढुकुटी पनि भनिन्छ । नेपाली शब्दभण्डार भनेको नेपाली भाषामा रहेको सम्पूर्ण शब्दहरूको भण्डार वा ढुकुटी हो । नेपाली शब्दभण्डारको कुरा गर्दा नेपाली भाषा आफ्नै मौलिक शब्दहरूले मात्र भरिपूर्ण छैन । यसमा अन्य भाषाबाट आएका शब्दहरूको पनि अत्यधिक बाहुल्य रहेको छ । नेपाली भाषाका शब्दहरू शब्दकोशमा सङ्ग्रहित छन् । शब्दकोशमा सङ्ग्रहित वास्तविक शब्दहरू नेपाली शब्दकोशमा छुटे पनि नेपाली जनजिब्रोमा प्रचलित रहेका यावत् शब्दहरूको समष्टिलाई नेपाली भाषाको शब्दभण्डार भनिन्छ ( भण्डारी, २०६० : ४६ ) ।

भाषा र समाज दुबै परिवर्तनशील छन् । त्यसैले समाज परिवर्तनसँगै भाषा पनि परिवर्तन हुँदै जान्छ । विज्ञान र प्रविधिको विकासले समाजसँगै भाषामा पनि परिवर्तन र वृद्धि हुन आवश्यक हुन्छ । अतः नेपाली भाषाले पनि परिवर्तनको शाश्वत् सत्यलाई स्विकार्नु पर्दछ, जसका लागि भाषाको आधुनिकीकरण हुन आवश्यक छ । आधुनिक समाजमा विवधता एवं जटिलतालाई सम्बोधन गर्ने र भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण हो । भाषाको आधुनिकीकरण भनेको एक प्रकारको बौद्धिकीकरण पनि हो ( अधिकारी, २०६२ : ७२ ) । भाषा समयको परिवर्तनसँगै परिवर्तन हुँदै जाँदा यो प्रयोक्ताको बौद्धिक स्तर अनुरूप नै हुनुपर्दछ । नेपाली भाषाको शब्दभण्डारको बृद्धिसँगै त्यस भाषाले नेपालीको सद्भाव एवं जातीय एकतालाई एक सूत्रमा बाँध्न सफल हुनुपर्दछ । शब्दभण्डारको बृद्धिसँगै भाषा पनि समृद्ध बन्दै जान्छ । परिवर्तनसँगै भाषाको शब्दभण्डारमा बृद्धि गर्दा आफ्नो भाषको मौलिक पहिचान गुम्न सक्ने कुरामा सदैब ध्यान पुऱ्याउन आवश्यक छ । नेपाली भाषा हालको वैज्ञानिक युगमा आइपुग्दा

यसको शब्दभण्डारमा बृद्धि भई एक समृद्ध भाषाका रूपमा आफ्नो अलग्गै पहिचान राख्न सफल भएको छ ।

नेपाली भाषाको स्रोत सँस्कृत भाषा हो । अत : सँस्कृत भाषाका शब्दभण्डार नेपाली भाषामा महत्वपूर्ण रहेका छन् । सँस्कृत भाषाका अनगिन्ती शब्दहरूले नेपाली भाषालाई समृद्ध बनाएको छ । यसका अतिरिक्त विदेशी भाषाबाट आएका आगन्तुक शब्दहरूले पनि नेपाली शब्दभण्डार भरिएको छ भने नेपाली भाषाको मौलिक शब्दहरू पनि उत्तिकै मात्रामा रहेका छन् । अझ विज्ञान र प्रविधिको विकाससँगै नेपाली भाषामा शब्दभण्डार बृद्धि भइरहेको छ । यसै क्रममा नेपाली भाषामा पनि कतिपय प्रचीन शब्दहरू लुप्त भएका छन् भने कतिपय शब्दहरू भित्रिन पुगेका छन् । यसरी हेर्दा नेपाली भाषामा मौलिक र विभिन्न स्रोतबाट शब्दहरू ग्रहण गरेर जे जति स्तरीय, आधारभूत, बाल शब्दभण्डार आदि शब्दहरू प्रयोग भइरहेका छन् ती सबैको समष्टि स्वरूपलाई नै नेपाली भाषाको शब्दभण्डार भन्न सकिन्छ ।

## ३.२ नेपाली शब्दभण्डारको वर्गीकरण

शब्दभण्डारमा रहेका सम्पूर्ण शब्दहरूलाई विभिन्न आधारमा विभाजन गर्नुलाई शब्दको वर्गीकरण भनिन्छ । शब्दको वर्गीकरणले कुनै पनि भाषाको शब्दभण्डारलाई व्यवस्थित बनाउने कार्य गर्दछ । शब्द वर्गीकरण गर्ने विभिन्न आधारहरू रहेका छन् । नेपाली भाषको शब्दको वर्गीकरणमा विभिन्न विद्वान्हरूले विभिन्न आधारमा वर्गीकरण गरेका छन् ।

प्रा.डा.मोहनराज शर्माले स्रोत, रचना, कार्य र अर्थका आधारमा शब्दलाई वर्गीकरण गरेका छन् । उनले स्रोत अन्तर्गत मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गरेका छन् । त्यस्तै रचनाका आधारमा मूल वा अव्युत्पन्न र व्युत्पन्न गरी दुई वर्गमा बाँडेका छन् । कार्यका आधारमा शर्माले नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी नौ प्रकारमा अनि अर्थका आधारमा कोशीय र प्रतिफलात्मक गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् ।

प्रा.डा. हेमाङ्गराज अधिकारीले समसामयिक व्याकरणमा नेपाली शब्दभण्डारलाई परम्परागत, कार्यगत, रूपात्मक र कोशीय आधारमा वर्गीकरण गरेका छन् । उनले परम्परागत आधारमा शब्दभण्डारलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी संयोजक, बिस्मयादिबोधक गरी आठ प्रकारमा विभाजन गरेका छन् । कार्यका आधारमा उनले नामवर्ग, क्रियावर्ग र अव्ययवर्ग गरी तीन वर्गमा बाँडेका छन् । त्यस्तै रूपात्मक आधारमा विकारी र

अविकारी दुई वर्गमा विभाजन गरेका छन् । त्यस्तै उनले कोशीय आधारमा शब्दलाई नाम, विशेषण, क्रिया र क्रियायोगी चार वर्गमा र संरचनात्मक आधारमा सर्वनाम, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी पाँच वर्गमा वर्गीकरण गरेका छन् ।

विभिन्न विद्वान्हरूले नेपाली भाषाको शब्दभण्डारलाई विभिन्न आधारमा वर्गीकरण गरे पनि माथि उल्लेखित विभिन्न आधारमध्ये यहाँ कार्य, स्रोत र व्युत्पादनका आधारमा शब्दभण्डारको वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### ३.२.१ कार्यका आधारमा शब्दभण्डारको वर्गीकरण

कुनै पनि भाषामा वाक्यमा भएका शब्दको कार्यका आधारमा शब्दको वर्गीकरण गरिन्छ । शब्दले वाक्यमा गर्ने व्याकरणात्मक कार्य हो । यसका आधारमा नेपाली शब्दहरूलाई विकारी र अविकारी गरी विभिन्न नौ प्रकारमा वर्गीकरण गरिएको छ । तिनै नौ प्रकारका शब्दको विभाजनलाई प्रकार्यपरक शब्दवर्ग भनिन्छ ( लम्साल, २०६८ : १०५ ) । नेपाली भाषाको शब्दवर्गलाई विकारी र अविकारी गरी मुख्य दुई वर्ग र तिनका विभिन्न उपवर्गमा वर्गीकरण गरिएको छ जसको परिचय निम्नानुसार गरिएको छ ।

#### ३.२.१.१ विकारी

रूप चल्ने वा रूप परिवर्तन हुने शब्दवर्ग विकारी अन्तर्गत पर्दछन् । विकारी शब्दलाई चार भागमा वर्गीकरण गरिएको पाइन्छ ।

क) नाम

परम्परागत व्याकरणमा कुनै पनि व्यक्ति, वस्तु वा धारणा बुझाउँने शब्दलाई नाम भनिएको छ । व्याकरणात्मक कार्यका आधारमा भन्दा वाक्यमा कर्ता, कर्म र पूरक भई आउने शब्द नै नाम हो । त्यस्तै को र के भनी गरिएको प्रश्नको जवाफमा आउने शब्दलाई नै नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ । रूपात्मक आधारमा रूपायन व्यहार्ने लिङ्ग, वचन र कारकको अभिव्यक्ति दिने शब्द नै नाम हो । त्यस्तै नाम पदावलीको शीर्ष भएर आउने पद नै नाम हो । परम्परागत व्याकरणमा नामको वर्गीकरण निम्नानुसार गरिएको पाइन्छ ।

अ) व्यक्तिवाचक नाम

कुनै एक वा विशेष व्यक्ति अथवा वस्तुलाई बुझाउँने शब्द नै व्यक्तिवाचक नाम हो । यसले कुनै वस्तु, स्थान वा खास व्यक्तिलाई बुझाउँछ । जस्तै : राम, सूर्य, सगरमाथा, पशुपति आदि ।

आ) जातिवाचक नाम

व्यक्ति, वस्तु, स्थान आदिको जातलाई बुझाउँने नामलाई जातिवाचक नाम भनिन्छ । जस्तै : मानिस, कुकुर , सुन्तला, फूल आदि ।

इ) समूहवाचक नाम

कुनै पनि व्यक्ति वा समूहलाई बुझाउँने शब्दलाई समूहवाचक नाम भनिन्छ । जस्तै : वर्ग, झुप्पो, बथान, लाम आदि ।

ई) द्रव्यवाचक नाम

नाप, तौल, गर्न सकिने, गन्न नसकिने पदार्थ बुझाउँने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ। जस्तैः पानी, दूध, पीठो, माटो आदि ।

उ) भाववाचक नाम

कुनै पनि व्यक्ति वा वस्तुको भाव, गुण, धर्म, दशा बुझाउँने शब्दलाई भाववाचक नाम भनिन्छ । जस्तै : दया, माया, पीडा, धैर्य, मित्रता आदि ।

प्रा.डा. हेमाङ्गराज अधिकारीले वाक्यात्मक तथा रूपात्मक विशेषतालाई आधार मानी नामलाई निम्न प्रकारमा वर्गीकरण गरेका छन् ।

अ) व्यक्ति र जाति

आ) सङ्ख्येय र असङ्ख्येय

इ) नाम र कोटीकरण

ई) सजीव र निर्जीव

उ) मानवीय र अमानवीय

ख) सर्वनाम

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ (लम्साल, २०६८ : १०६) । सर्वनामले नामले जस्तो प्रत्यक्ष खास व्यक्ति, वस्तु, वा धारणालाई जनाउदैन । यसले नामको पुनरूक्तिलाई रोक्ने काम गर्दछ । नामको सट्टामा प्रयोग हुने भएकाले यसलाई सट्टेनाम पनि भनिन्छ । सर्वनामले व्याकरणात्मक कोटि पुरूषको पनि अभिव्यक्ति दिन्छ । सर्वनामलाई निम्नानुसार वर्गीकरण गरिएको पाइन्छ ।

अ) पुरूषवाचक सर्वनाम

पुरूष वा वक्ता, श्रोता, विषयलाई बुझाउँने सर्वनामलाई पुरूषवाचक सर्वनाम भनिन्छ । यस अन्तर्गत प्रथम पुरूषवाचक, द्वितीय पुरूषवाचक र तृतीय पुरूषवाचक सर्वनामहरू पर्दछन् ।

आ) आत्मवाचक सर्वनाम

आफूलाई बुझाउँने सर्वनामलाई आत्मवाचक सर्वनाम भनिन्छ । जस्तै : आफू, आफूहरू आदि ।

इ) दर्शक सर्वनाम

नजिक वा टाढाका व्यक्ति वा वस्तुलाई तोकेर बताउने सर्वनामलाई दर्शक सर्वनाम भनिन्छ । यस अन्तर्गत समीपवाची (यो, यी), दूरतावाची (त्यो, तिनी) र सुदूरवाची (ऊ,उनी) सर्वनामहरू पर्दछन् ।

ई) सम्बन्धवाचक सर्वनाम

सम्बन्धको बोध गराउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । यसमा निश्चयवाचक र अनिश्चयवाचक सर्वनामहरू पर्दछन् ।

उ) प्रश्नवाचक सर्वनाम

कुनै व्यक्ति वा वस्तुको विषयमा प्रश्न गर्ने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तै : को, के, कुन आदि ।

ग) विशेषण

नाम वा सर्वनामको विशेषता बताउने शब्दलाई विशेषण भनिन्छ । कुन, कस्तो, कत्रो र कति प्रश्नका जवाफमा आउने शब्द नै विशेषण हुन् । विशेषणले नाम पदको यस्तो, उस्तो भन्ने गुण यति, उति भन्ने परिणाम वा मात्रा वा तौल यति उति भन्ने निश्चित सङ्ख्या आदिलाई बुझाउँछ । यसले नामको अर्थलाई स्पष्ट पार्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गर्दछ । विशेषणलाई निम्न प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।

अ) गुणवाचक विशेषण

कुनै वस्तुको गुण वा दोष वा अवस्था बुझाउँने विशेषणलाई गुणवाचक विशेषण भनिन्छ । विशेष्यको को, कुन, कस्तो, कत्रो आदि विशेषता जनाउने शब्द नै गुणवाचक विशेषण हो । जस्तै : होचो, अग्लो, असल, बलियो आदि ।

आ) सङ्ख्यावाचक विशेषण

तोकेर सङ्ख्याको बोध गराउने शब्दलाई सङ्ख्यावाचक विशेषण भनिन्छ । अर्थात् विशेष्यको कति भन्ने सङ्ख्या बुझाउँने शब्द नै सङ्ख्यावाचक विशेषण हो । जस्तै : एक, दुई, दोब्बर, डेढ आदि ।

इ) परिणामवाचक विशेषण

नाम पदको को, कति, यति मात्रा परिणाम बुझाउँने शब्दलाई नै परिणामवाचक विशेषण भनिन्छ । जस्तै : धेरै, थोरै, सबै, अलिकति आदि ।

ई) सार्वनामिक विशेषण

विशेष्यको अगाडि आएर त्यसको विशेषता बताई विशेषणको काम गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । जस्तै : यो, त्यो, यी, ती आदि ।

उ) भेदक विशेषण

नाममा षष्ठी विभक्ति लागेका शब्दहरूलाई भेदक विशेषण भनिन्छ । जस्तै : रामको, मेरो, आफ्नो आदि ।

ऊ) तुलनात्मक विशेषण

दुई वा दुईभन्दा बढी वस्तुको तुलाना जनाउने विशेषण पदलाई तुलनात्मक विशेषण भनिन्छ । जस्तै : लघु, लघुतर, लघुतम, निम्न, निम्नतर, निम्नतम आदि ।

घ) क्रिया

कुनै काम भएको वा हुने कुरा बुझाउँने शब्दलाई क्रिया भन्दछन् । घटना, कार्यव्यापार स्थिति र अवस्था बुझाउँने शब्दलाई नै क्रिया भनिन्छ । प्रकार्यका दृष्टिले यो वाक्यमा कार्य, स्थिति, प्रकिया, घटना आदि बुझाउँने र विधेयका रूपमा आउने तथा काल, भाव, पक्ष, वाच्य, करणका साथै कारकबाहेक वचन, लिङ्ग, पुरूष आदिका आधारमा रूपायित हुने शब्दवर्ग हो । (लम्साल, २०६८ : १०९) । क्रियालाई वाक्यको  समापक पदका रूपमा लिइन्छ । क्रियाविना वाक्यको अर्थ पूर्ण हुँदैन । वाक्यमा क्रियाको महत्त्वपूर्ण भूमिका रहने भएकाले क्रियाको उपस्थितिबिना सिङ्गो र अर्थपूर्ण वाक्यको संरचना सम्भव हुँदैन । यो वाक्यमा विधेय पदावलीको शीर्ष भएर आउछ ।

क्रियालाई विभिन्न आधाारमा वर्गीकरण गरिएको पाइन्छ । क्रियालाई निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ ।

अ) समापकताको आधारमा :- यसका आधारमा क्रिया समापक र असमापक गरी दुई प्रकारका हुन्छन् ।

आ) अर्थप्राधान्यताका दृष्टिले :- यसका आधारमा क्रियालाई मुख्य क्रिया र सहायक क्रिया गरी दुई प्रकारमा बाँडिएको पाइन्छ ।

इ) संरचनाको आधारमा :- यसका आधारमा क्रिया सरल र जटिल गरी दुई प्रकारका हुन्छन् ।

ई) कर्मकताका आधारमा :- यसका आधारमा क्रिया सकर्मक, अकर्मक, द्विकर्मक र पुरकापेक्षी गरी चार प्रकारका हुन्छन् ।

३.२.१.२ अविकारी

लिङ्ग, वचन, पुरूष अनुसार रूप नचल्ने शब्दलाई अविकारी शब्द भनिन्छ । अर्को शब्दमा यसलाई अव्यय पनि भनिन्छ । यसका निम्नलिखित प्रकार छन् ।

क) क्रियायोगी (क्रियाविशेषण)

क्रियाको विशेषता बताउने वा तिनका अर्थमा केही थप्ने शब्दलाई क्रियायोगी भनिन्छ । यसले विशेषण र क्रियाविशेषणको विशेषता पनि प्रकट गर्दछ । किन, कहिले, कहाँ, कसरी, के गरी

र कति प्रश्नका उत्तरमा आउने शब्द नै क्रियायोगी हो । यो कर्ता, कर्म, पूरक जस्तो अनिवार्य नभएर वाक्यमा ऐच्छिक घटक बनेर आउँछ ।

क्रियायोगी निम्न प्रकारका हुन्छन् ।

अ) समयवाचक :- आज, भोलि, बिस्तारी, तुरून्तै, कहिले  आदि ।

आ) स्थानवाचक :- तल, माथि, भित्र, बाहिर, यता, उता आदि ।

इ) रीतिवाचक :- उसो, बेस्सरी, राम्ररी, जसरी, कसरी आदि ।

ई) परिणमवाचक :- धेरै, थोरै, अलिकति, त्यति, कति आदि ।

उ) क्रियान्तरवाचक :- हेरी, सुनी, खाएर, सुनेर  आदि ।

ऊ) आवृत्तिवाचक :- एकपल्ट, बारम्बार, दुईचाटी, प्रत्येकपल्ट आदि ।

ए) अनुकरणात्मक :- खुत्रुक्क, पिटिक्क, ढकमक्क आदि ।

ख) नामयोगी

नाम अथवा नाम जस्तै प्रयोग हुने सर्वनाम, विशेषण आदिका पछाडि जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थसम्बन्ध जनाउँनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हो । यसका विभिन्न उपभेदहरू छन् । यसमा समयको अवगत गराउने, स्थानको बोध गराउने, रीति तथा विभक्तिको अर्थसँग सम्बन्धित रहने तथा दिशा र अवधिको परिचय दिने गरी विभिन्न प्रकारले प्रयोग हुन्छ । नामयोगीलाई निम्नलिखित प्रकारमा विभाजन गरिएको पाइन्छ।

अ) समयवाचक :- पहिले, अघि, पछि, उपरान्त आदि ।

आ) स्थानवाची :- माथि, मुनि, वारि, पारि, बीच आदि ।

इ) रीतिवाचक :- झैं, अनुसार, बमोजिम, भन्दा आदि ।

ई) अवधिवाचक :- सम्म, पर्यन्त, केवल, मध्ये आदि ।

उ) हेतुवाचक :- निम्ति, निमित्त, लागि, कारण आदि ।

ऊ) दिशावाचक :- तर्फ, तिर, सामुन्ने, पट्टि आदि ।

ए) अभाववाचक :- बाहेक, बिना आदि ।

ऐ) सहार्थवाचक :- सित, सँग, समेत आदि ।

अं) विनिमयवाचक :- सट्टा, ठाउँमा आदि ।

ग) संयोजक

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ। यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ । संयोजकलाई योजक पनि भनिन्छ । प्रकार्यका

दृष्टिले यो (संयोजक) वाक्यमा पद, पदावली, उपवाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्दवर्ग हो (लम्साल, २०६८ : १११) । नेपालीमा संयोजक दुई प्रकारका हुन्छन् ।

अ) सापेक्ष संयोजक

मिश्र वाक्य वा अधीन उपवाक्य जोड्ने संयोजकलाई सापेक्षा संयोजक भनिन्छ । जस्तै :

- समाधिकरणवाचक :- पनि, समेत, र ……………….।
- कारणवाचक :- किनभने, किनकि …………………।
- सङ्केतवाचक :- यदि, भने, भनेदेखि……………….।

आ) निरपेक्ष संयोजक

संयुक्त वाक्यका स्वतन्त्र वाक्यहरूलाई जोड्ने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ । जस्तै :

- समुच्चयवाचक :- पनि, समेत, अनि …………………।
- विकल्पवाचक :- या, अथवा, कि……………………।
- विशेषवाचक :- यद्यपि, तैपनि, हुनत……………….।
- कारणबोधक :- तसर्थ, किनभने, र…………………।

बनोटका दृष्टिले संयोजकहरू सरल र जटिल गरी दुई प्रकारका हुन्छन् ।

- सरल :- र, वा, अथवा, तर, किन्तु, नत्र, अथवा, भने आदि ।
- जटिल :- किनभने, किनकि, त्यसकारण, त्यसैले, फलस्वरूप, जसबाट, जसले गर्दा आदि ।

घ) विस्मयादिबोधक

वाक्यको अगाडि पृथक रूपमा आई हर्ष, आश्चर्य, विस्मात, घृणा, निन्दा आदि बुझाउने शब्दलाई विस्मयादिबाधक शब्द भनिन्छ । यस्ता शब्दहरू वाक्यार्थलाई मद्दत गरे पनि वाक्यात्मक अङ्गभन्दा अलग्गै हुने हुँदा निपादभन्दा केही भिन्न देखा पर्दछन् । विस्मयादिबोधक शब्दले वाक्यमा प्रयोग हुँदा सन्दर्भ वा परिस्थिति अनुसारको सङ्केत गर्दछ र सोही अनुसार शब्द प्रयोगको अपेक्षा गर्दछ ।

सामान्यतया नेपालीमा निम्न प्रकारका विस्मयादिबोधक शब्दहरू छन् ।

अ) हर्षवाचक :- आहा !, धन्य !, जय !

आ) शोकवाचक :- ज्या !, हाई !, आत्था !, ऐया !

इ) आश्चर्यवाचक :- ओहो !

ई) प्रशंसावाचक :- क्यावत् ! स्याबास् !

उ) तिरस्कारवाचक :- धत् ! धिक्कार ! छि !

ऊ) सम्बोधनवाचक :- रे ! अरे ! हे !

ङ. निपात

वाक्यमा आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा निकटवर्ती शब्द वा वाक्यको अर्थलाई द्योतन गर्ने अव्यय शब्द नै निपात हुन् । यसको अलग्गै अर्थ हुँदैन तर वाक्यको अर्थ प्रस्ट्याउन, तिख्खर र प्रभावकारी बनाउन यसको प्रयोग हुन्छ । अर्थलाई स्पष्ट पार्न तथा रसिलो बनाउने एकाक्षरी, द्वयक्षरी, त्रयक्षरी तथा चतुर्क्षरी शब्द नै निपात हुन् । निपातको खास अर्थ नहुने हुँदा यसको प्रयोग प्रसङ्गबाट मात्र अर्थको अनुमान गर्नुपर्ने हुन्छ । नेपाली व्याकरणमा निपातलाई विभिन्न आधारमा विभिन्न प्रकारमा विभाजन गरिएको पाइन्छ ।

अ) आश्रयका आधारमा

- शब्दाश्रित :- त, नि, नै
- वाक्याश्रित :- अँ, अरे, कि, लौ

आ) स्थानका आधारमा

- पूर्ववर्ती :- आँ, खै, लै,
- अन्त्यवर्ती :- अरे, क्या, नाइँ

इ) अर्थका आधारमा

- पोषक :- ल, अ, नि, नै
- अर्थक :- अरे, क्या, है, हगि
- निरर्थक :- चाहिने, केरे, तपाईंको

३.२.२ स्रोतका आधारमा शब्दको वर्गीकरण

नेपाली भाषामा भारोपेली परिवारको सतम् वर्गको आर्यइरानेली शाखाको सँस्कृत भाषाबाट उत्पत्ति भएकाले यसको शब्दभण्डारमा सँस्कृत स्रोतका शब्दहरू बढी मात्रामा रहेका छन् । शब्द उत्पत्ति भएको ठाउँ नै स्रोत हो । नेपाली भाषाले शब्दभण्डारमा विभिन्न स्रोतबाट शब्दहरू ग्रहण गरेको छ । स्रोतका आधारमा नेपाली भाषाका शब्दभण्डारलाई निम्नानुसार वर्गीकरण गरिएको पाइन्छ ।

३.२.२.१ तत्सम शब्द

नेपाली भाषामा सँस्कृत स्रोतबाट रूप परिवर्तन नगरी जस्ताको तस्तै आएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । जस्तै : पुस्तक, शान्ति, पिता, माता आदि ।

३.२.२.२ तद्भव शब्द

सँस्कृत भाषाबाट प्राकृत, अपभ्रंश हुँदै रूप परिवर्तन गरी नेपाली भाषामा आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । जस्तै : आगो, असार, भात, साउन आदि ।

३.२.२.३ आगन्तुक

सँस्कृत भाषाबाहेक अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा देशभित्रैका विभिन्न भाषा तथा भाषिकाबाट र विदेशी भाषाबाट अगन्तुक शब्दहरू आएका छन् । आगन्तुक शब्दलाई दुई वर्गमा बाँडिएको पाइन्छ ।

क) अपरिवर्तित आगन्तुक शब्द

अन्य भाषाबाट नेपाली भाषामा रूप परिवर्तन नभई जस्ताको तस्तै प्रयोग भएका शब्दलाई अपरिवर्तित आगन्तुक शब्द भनिन्छ । जस्तै : कोट, बस, सिकर्मी, कैंची आदि ।

ख) परिवर्तित आगन्तुक शब्द

अन्य भाषाबाट परिवर्तन भएर नेपाली भाषमा आएका शब्दहरूलाई परिवर्तित आगन्तुक शब्द भनिन्छ । जस्तै : जर्नेल, लालटिन, कालिगढ, अस्पताल आदि ।

३.२.३ व्युत्पादनका आधारमा शब्दको वर्गीकरण

व्युत्पादन भनेको शब्दको बनोट हो । यस दृष्टिले नेपाली शब्दहरू निम्नलिखित दुई प्रकारका छन् (लम्साल, २०६८ :१०५) ।

३.२.३.१ मूल वा अव्युत्पन्न शब्द

कुनै पनि अन्य शब्दबाट निर्मित नभई आफैँ सहज रुपमा अवस्थित शब्दलाई मूल वा अव्युत्पन्न शब्द भनिन्छ । जस्तैः म, मामा, आलु, पुस्तक, घर आदि ।

३.२.३.२ व्युत्पन्न शब्द

कुनै पनि मूल शब्दमा अन्य शब्दहरू मिलेर निर्माण भएका शब्दहरूलाई व्युत्पन्न शब्द भनिन्छ । उपसर्ग र परसर्ग लागेर बनेका शब्दहरू व्युत्पन्न शब्द हुन् । जस्तैः मायालु, रसिलो, मलिलो, घरायसी आदि ।

३.३ शब्दभण्डारको महत्व

भाषा भनेको वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्यहरूको समष्टि रूप हो । भाषाको आधारभूत अर्थयुक्त एकाइ रूप हो र त्यस रूपले एक्लै वा अन्य रूपसँग मिलेर शब्दको निर्माण गरेको हुन्छ । व्याकरणिक दृष्टिले हेर्दा रूपभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक एकाइ नै शब्द हो । भाषामा शब्दको महत्पूर्ण भूमिका रहन्छ । शब्दबिना भाषिक कार्य सम्पन्न गर्न सकिदैन।

भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त, तथा सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । अर्थयुक्त शब्दबिना त्यसभन्दा माथिका भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको प्राण हो भने पनि फरक पर्दैन (शर्मा तथा पौडेल, २०६८ : १९७) । कुनै पनि भाषाको शब्द त्यस भाषाको निजी सम्पत्ति हो । जुन भाषामा जति धेरै शब्दभण्डार रहेका छन् त्यो भाषा त्यति नै समृद्ध भाषा मानिन्छ । अत : शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

भाषा र भाषविज्ञानमा शब्दभण्डारलाई महत्त्वका साथ हेरिन्छ । शब्दभण्डारको अभावमा मानवीय व्यवहार चल्न कठिन हुन्छ । शब्द ज्ञानको प्रमुख माध्यम पनि हो । विश्वमा भएका ज्ञानका विस्फोटनलाई संसारमा सञ्चार गराउने माध्यम पनि शब्दभण्डार नै हो । व्यक्तिमा जति धेरै शब्दको ज्ञान हुन्छ, त्यति नै उसमा धेरै प्रभावशाली विचार अभिव्यक्ति सामर्थ्य रहेको हुन्छ । भाषामा शब्दको अर्थका दृष्टिले महत्त्व रहन्छ । एउटै शब्दले पनि विभिन्न अर्थ वहन गरेको हुन्छ । एउटै शब्दले अभिधा, लक्षाणा, व्यञ्जना जस्ता फरक फरक अर्थ सम्प्रेषण गर्न सक्दछ । लाक्षणिक अर्थ प्रकट गरेमा भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न पुग्दछ ।

शब्द भाषाको मुटु हो । त्यसैले भाषा र शब्द बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । शब्दविनाको भाषा परिकल्पनासम्म गर्न सकिन्न । भाषा विचार सम्प्रेषणको शब्दको अहम् भूमिका रहन्छ । शिक्षणीय दृष्टिकोणले पनि शब्दभण्डार महत्त्वपूर्ण रहेको छ । भाषाशिक्षणको एक महत्त्वपूर्ण पाटो शब्दार्थ शिक्षण हो । अतः विद्यार्थीहरूमा शब्दभण्डार क्षमता अभिबृद्धि गर्न शब्दार्थ शिक्षण गरिन्छ । भाषा सिकाइको थालनी शब्द उच्चारण र ज्ञानबाटै हुन्छ । बालकले सर्वप्रथम घर तथा समाजबाट शब्दको ज्ञान पाउँछ र विद्यालयको अध्ययनबाट तह अनुसारको शब्दज्ञान आफूमा बढाउँदै जान्छ । त्यसै कारण विद्यालय स्तरीय बालबालिकालाई नवीनतम् ज्ञान तथा प्रभावपूर्ण विचारबाट सुसज्जित पार्न शब्दभण्डारलाई नै अधिक सरल प्रंभावकारी माध्यम बनाउन सकिन्छ (शर्मा, २०६८ :२०) । विद्यार्थीले आफ्नो उमेरको बृद्धिसँगै शब्दभण्डार पनि आफूमा बृद्धि गर्दै जान्छ ।

नेपाली भाषाको सन्दर्भमाभन्दा नेपाली भाषाको क्रमिक विकाससँगै यसमा संस्कृत स्रोतका शब्दहरू, नेपाली भाषाका मौलिक शब्दहरू, तथा विभिन्न क्षेत्रबाट आमन्त्रित भएका आगन्तुक शब्दहरूले नेपाली भाषाको शब्द भण्डारलाई समृद्ध बनाएका छन् । जसबाट नेपाली भाषा पनि संसारका अन्य भाषासँग तुलानायोग्य हुन पुगेको छ । नेपाली भाषाको शब्दभण्डारको तीव्र विकास सँगै त्यसले अन्तष्ट्रिय सम्पर्क पनि बढाउँदै गएको छ । अत : यस्तो शब्दभण्डारको प्रयोगबाटै मानिसले आफ्नो क्रियाकलापहरूलाई सञ्चालन गर्ने हुनाले शब्दभण्डारको महत्व प्रस्ट हुन्छ ।

### ३.४ शब्दभण्डार र भाषापाठ्यपुस्तकको सम्बन्ध

भाषा शिक्षणका निम्ति तयार पारिएको पाठ्यपुस्तक नै भाषापाठ्यपुस्तक हो । यसको प्रयोजन भाषिक सीपको विकास गराउनु हो । शब्दभण्डार भाषिक सीप विकास गराउँने महत्वपूर्ण पक्ष हो । त्यसैले भाषापाठ्यपुस्तकामा शब्दभण्डारको विशिष्ट र महत्वपूर्ण स्थान रहेको छ । शब्दभण्डारविना भाषापाठ्यपुस्तकको कुनै अस्तित्व रहन सक्दैन भने उपयुक्त छनोट र स्तरणबिना भाषापाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारले आफ्नो औचित्यलाई साकार रूप दिन सक्दैन (श्रेष्ठ, २०६७ : १९) ।

कुनै पनि भाषा पाठ्यपुस्तकको मुख्य प्रयोजन भनेको विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपहरूको विकास गराउनु हो । त्यही भाषिक सीपको विकास गराउने प्रमुख माध्यम चाहिँ शब्दभण्डार नै हो । कच्चा पदार्थरूपी शब्दावलीको सुन्दर र सार्थक मेलबाट कुनै पनि भाषाको पाठ्यपुस्तकरूपी तयारी सामान बन्न सक्छ (शर्मा, २०६७ : २१) । भाषिक सीपको विकास गर्न तयार पारिएको पाठ्यपुस्तकमा विद्यार्थीको भाषिक पृष्ठभूमि, आवश्यकता, शारीरिक एवं मानसिक स्तरलाई ध्यान दिएर शब्दभण्डार छनोट गर्नुपर्दछ । भाषिक बोध र अभिव्यक्तिगत क्षमता विकासका लागि शब्दभण्डार क्षमताको समुचित प्रवर्द्धन र संयोजन पूर्वआवश्यक सर्त पनि हो तर शब्दभण्डार क्षमताको विकास गर्नुछ भन्दैमा विद्यार्थीको क्षमताभन्दा बाहिर तथा उनीहरूको प्रयोग र कौशलसँग असान्दर्भिक बनाएर जबरजस्ती थोपर्न खोज्नुलाई कदापि उचित मान्न सकिदैन (शर्मा तथा पौडेल, २०६० : ३६०) । भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको आवृत्ति र तिनको प्रयोग अभ्यासको समुचित संयोजन गरिनु आवश्यक छ अन्यथा त्यस्तो पाठ्यपुस्तकले विद्यर्थीहरूको शब्दभण्डार क्षमताको विकासमा खासै सहयोग पुग्न सक्दैन । भाषा पाठ्यपुस्तक निर्माण गर्दा तहगत स्तरणलाई ध्यान दिन आवश्यक छ । तहगत स्तरको बृद्धि सँगै शब्दभण्डारमा पनि बृद्धि गर्दै जानुपर्दछ । तल्ला र सुरूका कक्षाहरूमा सरल किसिमका शब्दहरू तथा बाल शब्दभण्डार अपेक्षित हुन्छन् भने माथिल्ला कक्षाहरूमा सोही अनुरूप क्रमिक रूपमा जटिल शब्दहरूको संयोजन गर्न आवश्यक हुन्छ ।

भाषा सम्बन्धी सम्पूर्ण पक्षको शिक्षण गराउँने प्रमुख माध्यम भाषा पाठ्यपुस्तक नै हो । अतः भाषा पाठ्यपुस्तकले पनि पढाइको वातावरणको निर्माण गर्नमा भूमिका खेल्दछ किनकि पाठ्यपुस्तकमा उचित शब्दभण्डारको प्रयोग नहुँदा पढाइको उचित वातावरण नबन्न सक्छ । त्यसैकारण विद्यार्थीमा पढाइमा अपेक्षित सफलता प्राप्त गर्न नसक्ने, पढाइप्रति निराशा उत्पन्न हुने जस्ता समस्याहरू देखिन सक्छन् । अतः पाठ्पुस्तक निर्माणका क्रममा शब्दभण्डारको प्रयोगमा सचेतता अपनाउनु आवश्यक छ ।

शब्दभण्डार भाषापाठ्यपुस्तकको स्तरयुक्तता र उपयुक्तताको पहिचान गराउँने एउटा महत्त्वपूर्ण पक्ष हो ( शर्मा तथा पौडेल, २०६० : ३६०) । भाषा पाठ्यपुस्तकको प्रयोजन भनेको नै बालबालिकाको अभिरूचि, स्तर, आवश्यकता अनुसार विभिन्न क्षेत्रमा प्रयोग हुने शब्द, पद, पदावली, वाक्य आदिका बारेमा ज्ञान, प्रयोग र अभ्यास गराउनु हो । शब्दभण्डारले भाषा पाठ्यपुस्तकलाई निर्देशित र नियन्त्रित गरी लक्ष्य हासिल गर्न सहयोग गर्दछ भने भाषा पाठ्यपुस्तकले सिकारूमा शब्दभण्डारको ज्ञान दिने तथा अभ्यास गराई शब्दभण्डारको फैलावट गराउँने कार्य गर्दछ । (श्रेष्ठ, २०६७ : २२) । अत : भाषा पाठ्यपुस्तक र शब्दभण्डार बीच एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

### ३.५ बाल शब्दभण्डारको परिचय

बालबालिकाहरूले प्रयोग गर्ने शब्दहरूको समूहलाई बाल शब्दभण्डार भनिन्छ । बालबालिकाहरूले प्रयोग गर्ने यस्ता शब्दहरू केही भिन्न प्रकृतिका देखिन्छन् भने केही भाषामा रहेका सामान्य तथा स्तरीय प्रकृतिका पनि देखिन्छन् । स्तरीयभन्दा भिन्न प्रकारका शब्दहरू जुन बालकले सहज रूपमा प्रयोग गर्दछ , त्यसलाई बाल शब्दभण्डार भन्नु उपयुक्त देखिन्छ भने बालबालिकाले प्रयोग गर्ने स्तरीय प्रकृतिका शब्दहरूलाई पनि यसै अन्तर्गत राख्नु आवश्यक हुन्छ । बालबालिकाहरूले सुरूका अवस्थामा कुनै कुरालाई आफ्नै किसिमका शब्दहरू प्रयोग गर्दछन् । ती शब्दहरू विशेष गरी बालबालिकाका निम्ति मात्र प्रयोग गर्ने गरिन्छ । जस्तैः पापा, चिची, नुनु गर्नु, फुई आदि । यस्ता शब्दहरूलाई बाल शब्द हुन् , जसलाई बाल शब्दभण्डार भन्न सकिन्छ । बालकको विकास क्रमिक ढङ्गबाट हुँदै जाँदा वातावरणको प्रभाव, परिवार र समाजका ठुला व्यक्तिहरूबाट पनि उसले त्यस भाषामा रहेका आधारभूत र केही स्तरीय शब्दहरू ग्रहण गर्दै जान्छ । यसरी बालकले बोल्ने स्तरीय र आधारभूत प्रकृतिका शब्दहरूलाई पनि बाल शब्दभण्डार अन्तर्गत नै राख्नु आवश्यक देखिन्छ । यसै आधारमा समग्रमा बाल शब्दभण्डारलाई दुई वर्गमा विभाजन गर्नु सान्दिर्भिक हुन्छ ।

क) बाल शब्दभण्डार

ख) आधारभूत/सामान्य शब्दभण्डार

#### ३.५.१ बाल शब्दभण्डार

बालबालिकाले प्रयोग गर्ने र बालबालिकाहरूका निम्ति नै प्रयोग गरिने शब्द नै बाल शब्द हुन् । यी नानीका शब्दहरू हुन् । यस्ता शब्दहरू बालकले स्वभाविक ढङ्गबाट बालभाषा विकासको प्रथम चरणदेखि नै बोल्न सुरू गर्छ भने बालभाषा विकासको दोस्रो चरणमा आइपुग्दा

यस्ता शब्द प्रयोगमा ऊ पोख्त बन्न पुग्दछ । विशेष गरी बालकले एकशब्दे बोली, टेलिग्राफिक बोलीका शब्दहरू प्रयोग गर्दछ । यसबेला बालकले अधिकांश यसै प्रकृतिका शब्दहरू प्रयोग गर्दछ। यस्ता शब्दहरू बालबालिकाले मात्र प्रयोग गर्ने र उनीहरूका निम्ति मात्र प्रयोग गरिने भएकाले यसलाई बाल बोलीका शब्द पनि भनिन्छ ।

बालक जन्मेको दुई महिनासम्म रून् र कराउनुमा सीमित हुन्छ भने त्यसपछि उसको रुवाइ र कराइमा पनि विविधता देखा पर्दछ । यस अवस्थामा बालकले निकाल्ने स्वर र व्यञ्जन ध्वनिहरू भाषिक ध्वनि उत्पादनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ (भण्डारी, २०६५ : १०८) । बालक जब चार महिनाको पुग्दछ तब उसले एकै किसिमका ध्वनिहरू बारम्बार पुनरावृत्ति गर्दछ । यस अवस्थामा बालकले 'प' वर्गीय ध्वनिहरू निकाल्न थाल्दछ । बालकले ध्वनिको पुनरावृत्ति गरेर उच्चारण गरेका पापा, दादा, बुबु जस्ता शब्दहरू पुनरावृत्ति गरी बोल्न थाल्छ ।

बालक छ महिनाको पुगेपछि एक शब्दे वाक्यको रूपमा शब्द प्रयोग गर्न थाल्दछ जुन बालकको भाषा प्राप्तिको पहिलो खुड्किलो मानिन्छ । यस अवस्थामा बालकले बोल्ने बाल शब्दभण्डार बढी मात्रामा नाम वर्गका शब्दहरू हुन्छन् । जस्तैः पापा, माम, कोसी, फुई आदि तर यस्ता शब्दले वाक्यात्मक अर्थ वहन गरेको हुन्छ । जस्तै 'पापा' को आशय मलाई पापा देऊ, पापा यहाँ छ, आदि विभिन्न हुन सक्छ (अधिकारी, २०५६ : १००) यस्ता शब्दहरूलाई खुल्ला पदावली भनिएको पाइन्छ । यसै समयमा बालकले प्रयोग गर्ने शब्दहरूमा प्राकृतिक वस्तुहरूको समानताको स्थिति देखाउछन् । जस्तैः सबै चरालाई काग भन्नु, गाई, भैँसी, घोडा आदिलाई गाई भन्नु, सबै पुरूषलाई बुवा भन्नु आदि । बालकले बोलेका यस्ता शब्दहरू तोते बोलीसँग सम्बन्धित छन्, जसलाई बाल बोली भन्न सकिन्छ । यस्ता शब्दहरू वातावरणअनुसार भिन्ना भिन्नै हुन सक्छन् ।

दुई वर्ष पुगेको बालकले दुई शब्दे वाक्यको प्रयोग गर्दछ, जसलाई टेलिग्राफि बोली भनिन्छ । प्रायः जसो नाम + नाम र कतिपय नाम + क्रियाको संरचना भएका वाक्यहरू बालकले प्रयोग गर्दछ ( भण्डारी, २०६५ : १०९) । जस्तैः दिदी माम, आमा जाने आदि । बालकले नाम, क्रिया र विशेषण अनि मात्र सर्वनामको प्रयोग गर्दछ ।

बालकले साढे दुई वर्ष पार गरेपछि क्रमशः तीन शब्दे वाक्यको प्रयोग गर्दछ । यस अवस्थामा बालकको शब्दभण्डार क्षमता बृद्धि हुँदै जान्छ । त्यस्तै विद्यालयोन्मुख भाषाको प्रयोगको अवस्थामा पुग्दा बालकको बोली परिपक्व भइसकेको हुन्छ । यस अवस्थामा बाल बोलीका शब्दहरूलाई क्रमशः कम गर्दै भाषाका आधारभूत शब्दभण्डारतर्फ ऊ अग्रसर हुँदै जान्छ । शब्दभण्डारमा भने बालकको क्षमता निकै द्रुततर रूपमा बढिरहेको हुन्छ ( अधिकारी, २०५६ : १११) ।

बालबालिकाहरूले प्रयोग गर्ने बाल शब्दभण्डार बढी नाम वर्गका पाइन्छन् । स्तरीय शब्दका क्रियापदलाई जनाउने बाल शब्दमा भने अन्त्यमा 'गर्नु' क्रियापद थपिएको पाइन्छ। जस्तैः हिड्नु - ताती गर्नु, पढ्नु - कक गर्नु आदि । यसरी हेर्दा भाषामा रहेका क्रियापदहरूको बाल शब्द भने टुक्कात्मक प्रकृतिका देखिन्छन् । बालबालिकाहरूले सहज रूपमा यस्ता शब्दहरू प्रयोग गर्ने भएकाले बाल गीत, बाल साहित्य तथा बाल सामग्रीहरूमा बाल शब्दावलीको प्रयोग भएको भटिन्छ । त्यस्तै तल्ला कक्षाहरूको पाठ्यपुस्तकमा यस्ता शब्दहरूको प्रयोग भेट्न सकिन्छ । बाल शब्दहरू ठाउँ विशेष फरक हुन सक्छन् । केही प्रचलित नेपाली भाषामा रहेका बाल शब्दहरू र तिनका सामान्य शब्दहरूलाई यसै शोधपत्रको परिशिष्टमा राखिएको छ ।

३.५.२ आधारभूत/सामान्य शब्दभण्डार

बालकले बाल बोलीका शब्दहरू प्रयोग गर्दै जाँदा उसले भाषामा रहेका सामान्य तथा आधारभूत शब्दहरू पनि ग्रहण गर्दै जान्छ र तिनीहरूको प्रयोग गर्दै जान्छ । बालक भाषामा रहेका सामान्य तथा आधारभूत शब्दमा पनि पोख्त बन्दै जान्छ । बालबालिकाले प्रयोग गर्ने यस्ता भाषाका सामान्य शब्दहरूलाई पनि बाल शब्दभण्डार अन्तर्गत नै राख्नु उपयुक्त हुन्छ । यस्ता शब्दहरू बालकले क्रमशः परिवारजनबाट प्राप्त गर्दै जान्छ र विद्यालय प्रवेशको अवस्थामा पुग्दा यस्ता शब्द प्रयोगमा निपुर्ण बन्दै गएको हुन्छ । उमेरगत दृष्टिले बालक भए पनि उसले त्यस भाषामा रहेको सामान्य तथा आधारभूत शब्दहरू प्रयोग गर्ने भएकाले यस्ता शब्दहरूलाई बाल शब्दभण्डार अन्तर्गत नै राख्न सकिन्छ । यस्ता शब्दहरू शब्दवर्गगत दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, बिस्मयादिबोधक, संयोजक र निपात गरी नौ वर्गका हुन्छन् । जसका बारेका शोधपत्रमा शब्दभण्डारको वर्गीकरण शीर्षक अन्तर्गत नै चर्चा गरिएको छ । बालबालिकाहरू भाषाका आधारभूत शब्दभण्डार प्रयोगमा अभ्यस्त हुन्छन् । त्यसैले बालबालिकाहरूले बोल्ने भाषाका सामान्य तथा आधारभूत शब्दभण्डारलाई पनि बाल शब्दभण्डार मान्न सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा बालबालिकाहरूले प्रयोग गर्ने र उनीहरूका निम्ति प्रयोग गरिने शब्दभण्डारलाई बाल शब्दभण्डार भनिन्छ । यस्ता शब्दभण्डार ठाउँअनुसार फरक फरक हुन सक्छन् । यसलाई बाल बोलीका शब्द पनि भनिन्छ । त्यस्तै बालबालिकाहरूले बोल्ने भाषाका सामान्य र स्तरीय शब्दहरू पनि बाल शब्दभण्डार अन्तर्गत नै राख्न सकिन्छ । समग्रमा भन्दा बालबालिकाहरूले प्रयोग गर्ने तथा बालबोध र अभिव्यक्तिमा प्रयुक्त शब्दभण्डारलाई नै बाल शब्दभण्डार भन्न सकिन्छ ।

# अध्याय चार
# व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधपत्र कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डारको क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । जसमा झापा जिल्लाका कक्षा १ मा अध्ययनरत सामुदायिक र सँस्थागत विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको विभिन्न आधारमा तुलनात्मक अध्ययन विश्लेषणमा प्रस्तुत शोध कार्य केन्द्रित गरिएको छ । अध्ययनबमोजिम झापा जिल्लाका तीन सरकारी र तीन निजी विद्यालयका १०/१० जना गरी जम्मा ६० जना विद्यार्थीहरू छनोट गरेर उनीहरूबाट तथ्य सङ्कलन गरी तथ्याङ्कलाई साङ्ख्यिकीय विश्लेषण गरिएको छ । व्याख्या र विश्लेषणका लागि मध्यमान, मानक विचलन, जेड परीक्षण जस्ता साङ्ख्यिकीको उपयोग गरिएको छ । साङ्ख्यिकीय विश्लेषण गरिएको सबै विवरण देखाउन सम्भव नभएकाले केही नमुना परिशिष्टमा राखिएको छ । व्याख्या र विश्लेषणको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

## ४.१ समग्रताका दृष्टिले बाल शब्दभण्डार क्षमताको स्थिति

प्रस्तुत शीर्षक अन्तर्गत विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ । जसमा विद्यार्थीहरूलाई सोधिएका उत्पादनात्मक र पहिचानात्मक समग्र जम्मा ४० ओटा प्रश्नलाई आधार मानेर त्यसबाट प्राप्त प्राप्ताङ्कलाई विभिन्न समूहमा विभाजन गरी उनीहरूको समग्र क्षमताको विश्लेषण गरिएको छ । बाल शब्दभण्डार क्षमता पहिचानका लागि सोधिएका प्रश्नहरूलाई परिशिष्टमा राखिएको छ । यहाँ त्यही समग्रताका आधारमा विभिन्न उपशीर्षकहरूमा विभिन्न समूहको बाल शब्दभण्डार क्षमताको व्यख्या विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या : १

बाल शब्दभण्डार क्षमताको समग्र स्थिति


| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | २८.०३ | ५.६३ | ३० | ५० | ३० | ५० |

उपर्युक्त तालिका अनुसार प्रतिनिधि नमुनाको कुल सङ्ख्या ६० रहेको छ । सम्पूर्ण सङ्ख्याको बाल शब्दभण्डारको समग्र मध्यमान २८.०३ रहेको छ । समग्र मध्यमानलाई आधार

बनाएर मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूलाई कमजोर श्रेणीमा वर्गीकरण गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूमा कुनै अन्तर नभएको तथ्य माथिको तालिकामा छर्लङ्ग देखिएको छ । त्यसैले पहिचानात्मक र उत्पादनात्मक दुबैथरी बाल शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता साह्रै सन्तोषजनक छ चाहिँ भन्न सकिदैन ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १



तालिका सङ्ख्या : २

समग्र मध्यमानका दृष्टिले बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | | समुहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | २८.०३ | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ३० | १५ | ५० | १५ | ५० |
| | | निजी | ३० | १५ | ५० | १५ | ५० |
| | | | | | | | |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ३० | १४ | ४६.६७ | १६ | ५३.३३ |
| | | छात्रा | ३० | १६ | ५३.३३ | १४ | ४६.६७ |


माथिको तालिकामा विद्यार्थी सङ्ख्या ६० र समग्र मध्यमान २८.०३ लाई आधार बनाएर विभिन्न समूहको बाल शब्दभण्डार सामार्थ्यको विश्लेषण गरिएको छ ।

विद्यालयको स्वरूपका आधारमा बाल शब्दभण्डार क्षमता परीक्षण गर्नका लागि सामुदायिक (सरकारी) संस्थागत (निजी) विद्यालयका ३०/३० जना विद्यार्थीहरू समावेश गरिएको थियो । समग्र मध्यमान २८.०३ लाई आधार बनाएर विश्लेषण गर्दा सरकारी विद्यालयका १५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १५ जना अर्थात् ५० प्रतिशत नै विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् यसरी हेर्दा समग्रमा सरकारी विद्यालयका विद्यार्थीहरू ५० प्रतिशत मध्यमानभन्दा माथि र ५० प्रतिशत नै मध्यमानभन्दा तल रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमतमा सन्तोष गर्ने स्थिति छैन । त्यस्तै निजी विद्यालय तर्फको नतिजालाई हेर्दा १५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र त्यति नै सङ्ख्या र प्रतिशतका विद्यार्थीहरू पनि मध्यमानभन्दा तल देखिन्छन् । यस आधारमा निजी विद्यालयको विद्यार्थीको बाल शब्दभण्डार क्षमतामा पनि सन्तोष गरिहाल्ने ठाउँ छैन । यसरी हर्दा सरकारी निजी विद्यालयका विद्यार्थीहरू मध्यमानदेखि माथि र तल बराबरी सङ्ख्या र प्रतिशत

रहेकाले समग्रमा सरकारी र निजी विद्यालयका कक्षा १ मा अध्ययन गर्ने विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता समान रूपमा रहेको देखिन्छ ।

लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमताको मापन गर्न छात्रतर्फ ३० र छात्रातर्फ ३० जना विद्यार्थीहरू समावेश गरिएको थियो । समग्र मध्यमान २८.०३ लाई आधार बनाएर विश्लेषण गर्दा छात्रतर्फ १४ जना अर्थात् ४६.६७ प्रतिशत मध्यमानभन्दा माथि र १६ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । यसरी मध्यमानभन्दा तल र माथि विद्यार्थीहरूको सङ्ख्यामा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले समग्रमा छात्रहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन । यसै गरी छात्रातर्फ १६ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १४ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । छात्रातर्फ छात्रहरू भन्दा केही बढी विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले छात्रको तुलनामा छात्राहरूको बाल शब्दभण्डार क्षमता केही सन्तोषजनक देखिन्छ । यद्यपि ४६.६७ प्रतिशत छात्राहरू मध्यमानभन्दा तलै रहनु खासै सकरात्मक उपलब्धि चाहिँ होइन ।
यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ

स्तम्भचित्र सङ्ख्या : २




४.२ पहिचानात्मक र उत्पादनात्मक बाल शब्दभण्डारको स्थिति

यस शीर्षकमा विद्यार्थीहरूको पहिचानात्मक र उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ । जसमा समग्र ४० ओटा प्रश्नहरू मध्ये २५ ओटा पहिचानात्मक र १५ ओटा उत्पादनात्मक प्रकृतिका प्रश्नहरू समावेश छन् । जसलाई परिशिष्टमा राखिएको छ । यहाँ सोधिएको पहिचानात्मक र उत्पादनात्मक प्रश्नहरूबाट प्राप्त अङ्कलाई छुट्टा छुट्टै राखी त्यसका

आधारमा विभिन्न समूहको समग्र पहिचानात्मक र उत्पादनात्मक क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या : ३


पहिचानात्मक बाल शब्दभण्डारको समग्र स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १७.२२ | ४.०८ | २८ | ४६.६७ | ३२ | ५३.३३ |

उपर्युक्त तालिका अनुसार पहिचानात्मक बाल शब्दभण्डार क्षमता पहिल्याउन प्रतिनिधि नमुनाका रूपमा ६० जना विद्यार्थीहरू समावेश गरिएको छ । पहिचानात्मक बाल शब्दभण्डारको मात्र मध्यमान १७.२२ र मानक विचलन ४.०८ रहेको छ । समग्र मध्यमानलाई आधारबिन्दु बनाएर मध्यमानभन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमानभन्दा तलका विद्यार्थीहरूलाई कमजोर वर्गमा श्रेणीबद्ध गर्दा २८ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । त्यस्तै ३२ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा मध्यमानभन्दा माथि रहने विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत मध्यमानभन्दा तल रहने विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत भन्दा कम रहेकाले विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमतालाई सन्तोषजनक मान्न सकिदैन ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ३



तालिका सङ्ख्या : ४

समग्र मध्यमानका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १७.२२ | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ३० | १५ | ५० | १५ | ५० |
| | | निजी | ३० | १३ | ४३.३३ | १७ | ५६.६७ |
| | | | | | | | |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ३० | १२ | ४० | १८ | ६० |
| | | छात्रा | ३० | १७ | ५६.६७ | १३ | ४३.३३ |

माथि प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ६० रहेको छ । पहिचानात्मक बाल शब्दभण्डारको समग्र मध्यमान १७.२२ लाई आधारविन्दु मानेर विभिन्न समूहका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता केलाउँदा निम्न तथ्य रहेको पाइयो ।


विद्यालयको स्वरूपगत दृष्टिले अध्ययन गर्दा पहिचानात्मक बाल शब्दभण्डार क्षमताको पहिचान गर्नको लागि सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरू नमुनाको रूपमा लिइएको थियो । जसअनुसार सरकारी विद्यालयतर्फ १५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेको पाइयो । त्यस्तै १५ जना अर्थात् ५० प्रतिशत नै विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइयो । यसबाट पहिचानात्मक बाल शब्दभण्डारमा सरकारी विद्यालयका विद्यार्थीहरू बराबरी सङ्ख्यामा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक स्थितिको देखिदैन । निजी विद्यालयतर्फ १३ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १७ जना अर्थात् ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसमा

मध्यमानभन्दा तल रहने विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत बढी भएकाले सरकारी विद्यालयको तुलनामा निजी विद्यालयको विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता अझ कमजोर रहेको देखिन्छ ।

लिङ्गगत दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमता मापन गर्न छात्रातर्फ ३० र छात्रतर्फ ३० जना विद्यार्थीहरू समावेश गरिएको थियो । समग्र मध्यमान १७.२२ लाई आधारविन्दु बनाएर बिश्लेषण गर्दा छात्रतर्फ १२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । त्यस्तै १८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले छात्रहरूको बाल शब्दभण्डार क्षमता सन्तोषजनक रहेको देखिदैन । छात्रातर्फ १७ जना अर्थात् ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । त्यस्तै १३ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता केही सन्तोषजनक रहेको मान्न सकिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ४



तालिका सङ्ख्या : ५

समग्रताका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १७.२२ | सरकारी | | | | | |
| | | छात्र | १५ | ०७ | ४६.६७ | ०८ | ५३.३३ |
| | | छात्रा | १५ | ०९ | ६० | ०६ | ४० |
| | | | | | | | |
| | | निजी | | | | | |
| | | छात्र | १५ | ०५ | ३३.३३ | १० | ६६.६७ |
| | | छात्रा | १५ | ०७ | ४६.६७ | ०८ | ५३.३३ |


माथिको तालिकामा पहिचानात्मक बाल शब्दभण्डार क्षमता परीक्षणका निम्ति सरकारी विद्यालयबाट ३० जना विद्यार्थीहरू छनोट गरिएको थियो । जसमा १५ जना छात्र र १५ जना छात्राहरू रहेका थिए । पहिचानात्मक क्षमताको समग्र मध्यमान १७.२२ लाई आधार मान्दा सरकारी विद्यालयको छात्रतर्फ मध्यमानभन्दा माथि ०७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ०८ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू रहेका छन् । ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले सरकारी विद्यालयमा छात्रहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक रहेको छैन । त्यस्तै छात्रातर्फ मध्यमानभन्दा माथि ०९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ०६ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले सरकारी विद्यालयमा छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

निजी विद्यालयमा पहिचानात्मक बाल शब्दभण्डार क्षमता परीक्षणका निम्ति छनोट गरिएका ३० जना विद्यार्थीहरूमध्ये १५ जना छात्र र १५ जना छात्राहरू रहेका थिए । पहिचानात्मक क्षमताको समग्र मध्यमान १७.२२ लाई आधार मान्दा निजी विद्यालयका छात्रतर्फ

०५ अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १० जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि ३३.३३ प्रतिशत मात्र विद्यार्थीहरू रहनुले निजी विद्यालयको छात्रहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता अत्यन्तै कमजोर रहेको देखिन्छ । त्यस्तै छात्रातर्फ ०७ अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ०८ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले निजी विद्यालयको छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक रहेको देखिदैन ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ५




तालिका सङ्ख्या : ६


उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको समग्र स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १०.८५ | १.३७ | ३३ | ५५ | २७ | ४५ |

माथिको तालिकामा उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको पहिचान गर्नका निम्ति ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको समग्र मध्यमान १०.८५ र मानक विचलन १.३७ रहेको छ । समग्र मध्यमानलाई आधारविन्दु बनाएर मध्यमानभन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमानभन्दा तलका विद्यार्थीहरूलाई कमजोर वर्गकामा श्रेणीबद्ध गर्दा ३३ जना अर्थात् ५५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका र २७ जना अर्थात् ४५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले समग्रमा उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक नै मान्न सकिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ६



तालिका सङ्ख्या : ७

समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति


| कुल सङ्ख्या | समग्र मध्यमान | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १०.८५ | लिङ्ग | | | | | |
| | | छात्र | ३० | १६ | ५३.३३ | १४ | ४६.६७ |
| | | छात्रा | ३० | १८ | ६० | १२ | ४० |
| | | | | | | | |
| | | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ३० | १७ | ५६.६७ | १३ | ४३.३३ |
| | | निजी | ३० | १६ | ५३.३३ | १४ | ४६.६७ |

प्रस्तुत तालिकामा ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको समग्र मध्यमान १०.८५ लाई आधार बनाएर समूहगत रूपमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता विश्लेषण गर्दा निम्न तथ्य रहेको पाइयो ।

लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको परीक्षणका क्रममा छात्र र छात्राको सङ्ख्या क्रमशः ३०/३० रहेको छ । समग्र मध्यमान १०.८५ लाई केन्द्रविन्दु बनाएर विश्लेषण गर्दा छात्रतर्फ १६ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १४ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा ५३.३३ प्रतिशत मात्र विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले छात्रतर्फको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सामान्य रूपमा सन्तोषजनक भए पनि यसलाई राम्रो मान्न सकिदैन । त्यस्तै छात्रातर्फ १८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् भने १२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसलाई हेर्दा ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

विद्यालयको स्वरूपका आधारमा उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको परीक्षणमा सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । समग्र मध्यमान १०.८५ लाई आधारविन्दु मानेर विश्लेषण गर्दा सरकारी विद्यालयका १७ जना अर्थात् ५६.६७ प्रतिशत विद्यर्थीहरू मध्यमानभन्दा माथि र १३ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सामान्य सन्तोषजनक मान्न सकिन्छ । निजी विद्यालयतर्फ १६ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १४ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा ५३.३३ प्रतिशत विद्यार्थीहरू मात्र मध्यमानभन्दा माथि रहेकाले निजी विद्यालयको विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमतालाई सामान्य सन्तोषजनक मात्र मान्न सकिन्छ । यद्यपि ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले यसलाई राम्रो मान्न चाहिँ सकिदैन । यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ७



तालिका सङ्ख्या : ८

समग्रताका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १०.८५ | सरकारी | | | | | |
| | | छात्र | १५ | ०८ | ५३.३३ | ०७ | ४६.६७ |
| | | छात्रा | १५ | १० | ६६.६७ | ०५ | ३३.३३ |
| | | | | | | | |
| | | निजी | | | | | |
| | | छात्र | १५ | ०७ | ४६.६७ | ०८ | ५३.३३ |
| | | छात्रा | १५ | ०९ | ६० | ०६ | ४० |


प्रस्तुत तालिकामा उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको परीक्षण गर्नका निम्ति सरकारी विद्यालयबाट ३० जना र निजी विद्यालयबाट ३० जना नमुना छनोटका रूपमा लिइएको छ । यस तालिकामा सरकारी र निजी विद्यालयको छात्र छात्राको समग्र मध्यमान १०.८५ लाई आधार बनाएर छात्र छात्राको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

सरकारी विद्यालयको छात्रतर्फ १५ जना विद्यार्थीहरू मध्ये ०८ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । त्यस्तै ०७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । यसरी हेर्दा ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि भए पनि मध्यमानभन्दा माथि र तलको प्रतिशत खासै बढी अन्तर नरहेकोले सरकारी विद्यालयका छात्रहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सामान्य मात्र मान्न सकिन्छ । त्यस्तै सरकारी विद्यालयकै छात्रातर्फ १० जना अर्थात् ६६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ०५ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले सरकारी विद्यालयका छात्रहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता राम्रो मान्न सकिन्छ ।

निजी विद्यालयको छात्रतर्फ ०७ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ०८ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ५० प्रतिशत विद्यार्थीहरू पनि मध्यमानभन्दा माथि नरहेकाले निजी विद्यालयको विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता राम्रो नरहेको पुष्टि हुन्छ । त्यस्तै छात्रातर्फ ०९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ०६ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले निजी विद्यालयका छात्राहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ८




## ४.३ बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति

प्रस्तुत शीर्षक अन्तर्गत विद्यार्थीहरूको पहिचानात्मक र उत्पादनात्मक समग्र ४० ओटा प्रश्नहरूको परीक्षणबाट प्राप्त अङ्कका आधारमा विद्यालय स्वरूप र लिङ्गका आधारमा बाल शब्दभण्डार क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या : ९

सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमताको तुलना


| विद्यालयको स्वरूप | विद्यार्थीको सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सरकारी | ३० | २७.९ | ४.६९ | ०.१८ |
| निजी | ३० | २८.१७ | ६.४३ | |

प्रस्तुत तालिकामा सरकारी विद्यालयका ३० जना र निजी विद्यालयका ३० जना विद्यार्थीहरूलाई समावेश गराइएको छ । सरकारी विद्यालयको विद्यार्थीहरूको मध्यमान २७.९ र मानक विचलन ४.६२ रहेको छ । निजी विद्यालयको विद्यार्थीहरूको मध्यमान २८.१७ र मानक विचलन ६.४३ रहेको छ । उक्त तथ्याङ्कीय सूचकहरूलाई आधारविन्दु बनाएर तुलनात्मक विश्लेषण गर्दा निजी विद्यालयको विद्यार्थीहरूको मध्यमान सरकारी विद्यालयका विद्यार्थीहरूको भन्दा केही माथि रहेकाले निजी विद्यालयको विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता केही राम्रो देखिए पनि प्राप्ताङ्क भने बढी विचलित देखिन्छ ।

सरकारी र निजी विद्यालयको मध्यमानका दृष्टिले बाल शब्दभण्डार क्षमतामा थोरै अन्तर देखिए पनि प्राक्कल्पना परीक्षण गर्दा z परीक्षण ०.१८ आएको छ । सार्थकताको तह ०.०५ हुँदा z मान ±१.९६ भन्दा बढी नआएकोले प्राक्कल्पना गरिएको सरकारी र निजी विद्यालयका विद्यार्थीको बाल शब्दभण्डार क्षमता समान छ भन्ने प्रांक्कल्पना पुष्टि भएको अर्थात् स्वीकार गरिएको स्थिति देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ९



तालिका सङ्ख्या : १०

लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना


| कुल सङ्ख्या | लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| ६० | छात्र | ३० | २७.२ | ५.५२ | १.१६ |
| | छात्रा | ३० | २८.८६ | ५.६२ | |

प्रस्तुत तालिकामा छात्र र छात्रा क्रमशः ३०/३० जना विद्यार्थीहरू रहेका छन् । समग्रमा छात्रतर्फको मध्यमान २७.२२ र मानक विचलन ५.५२ रहेको छ । त्यस्तै समग्रमा छात्रा तर्फको मध्यमान २८.८६ र मानक विचलन ५.६२ रहेको छ । उक्त तथ्याङ्कलाई आधार बनाएर विश्लेषण गर्दा दुबै समूहको मध्यमान र मानक विचलनमा थोरै अन्तर देखिए तापनि समग्र बाल शब्दभण्डार क्षमतामा त्यति ठूलो अन्तर देखिदैन । दुवै समूहको Z मान १.१६ रहेको छ । जुन सार्थकताको तह ०.०५ हुँदा Z मान ±१.९६ भन्दा कम भएकाले समग्रमा लिङ्गगत दृष्टिले छात्र छात्राको बाल शब्दभण्डार क्षमतामा अन्तर नरहेको पुष्टि हुन्छ । अतः शोधकार्यका निम्ति राखिएको शून्य प्राक्कल्पना स्वीकार भएको देखिन्छ ।

तर मध्यमान छात्रको तुलनामा छात्राको केही सकारात्मक देखिएपनि छात्राहरूको क्षमता छात्रको क्षमताको तुलनामा केही विचलित देखिन्छ। मध्यमानलाई मात्रै आधार मान्ने हो भने छात्रको तुलनामा छात्राको क्षमता केही राम्रो देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १०



तालिका सङ्ख्या : ११


लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना

| विद्यालयको स्वरूप | लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्र | १५ | २७.७ | ५.२५ | ०.४४ |
| निजी | छात्र | १५ | २६.८ | ५.७४ | |

प्रस्तुत तालिका अनुसार बाल शब्दभण्डार क्षमताको विश्लेषणमा सरकारी र निजी विद्यालयका १५/१५ जना विद्यार्थीहरू संलग्न छन् । तालिका अनुसार सरकारी विद्यालयको छात्रहरूको मध्यमान २७.७ र मानक विचलन ५.२५ रहेको छ । निजी विद्यालयका छात्रहरूको मध्यमान २६.८ र मानक विचलन ५.७४ रहेको छ । दुवै समूहको मध्यमान र मानक विचलनमा खास अन्तर देखिदैन । अतः सरकारी र निजी विद्यालयका छात्रहरूको बाल शब्दभण्डार क्षमतामा खास अन्तर देखिदैन । दुवै समूहको परिक्षणबाट प्राप्त भएको z मान ०.४४ सार्थकताको तह ०.०५ हुँदा ±१.९६ भन्दा कम भएकाले पनि सो कुराको पुष्टि हुन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : ११



तालिका सङ्ख्या १२

लिङ्गका दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतमा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना


| विद्यालयको स्वरूप | लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्रा | १५ | २८.२ | ४.०४ | ०.६५ |
| निजी | छात्रा | १५ | २९.५३ | ६.७८ | |

प्रस्तुत तालिकाअनुसार सरकारी र निजी विद्यालयका १५/१५ जना छात्राहरूलाई परीक्षणमा संलग्न गराइएको छ । सरकारी विद्यालयको छात्राहरूको मध्यमान २८.२ र मानक विचलन ४.०४ रहेको छ । निजी विद्यालयको छात्राहरूको मध्यमान २९.५३ र मानक विचलन ६.७८ रहेको छ । उक्त तथ्यलई हेर्दा दुबै समूहको मध्यमान र मानक विचलनमा खास ठुलो अन्तर नदेखिएकाले बाल शब्दभण्डार क्षमतामा पनि त्यति ठुलो अन्तर देखिदैन । z मान ०.०५ तहमा सार्थक ननिस्किएबाट पनि उक्त तथ्य स्पष्ट हुन पुगेको छ ।

मध्यमानका दृष्टिले भने निजी विद्यालयका छात्राहरूको स्थिति केही सकरात्मक देखिन्छ यद्यपि सरकारी विद्यालयका छात्राहरूको तुलनामा निजी विद्यालयको छात्राको क्षमता बढी विचलित देखिन्छ तर सरकारी विद्यालयका छात्राका तुलनामा निजी विद्यालयका छात्राहरूको बाल शब्दभण्डार क्षमता केही राम्रो देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १२



### ४.४ समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक स्थिति

यस शीर्षक अन्तर्गत विद्यार्थीहरूलाई सोधिएका २५ ओटा पहिचानात्मक बाल शब्दभण्डार सम्बन्धी प्रश्नहरूबाट प्राप्त प्राप्ताङ्कलाई तालिकीकरण गरिएको छ । त्यही प्राप्त तथ्याङ्कलाई आधार मानेर सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या : १३


समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालयको स्वरूप | विद्यार्थीको सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सरकारी | ३० | १७.०७ | ३.४६ | ०.२८ |
| निजी | ३० | १७.३६ | ४.५७ | |

प्रस्तुत तालिकामा पहिचानात्मक बाल शब्दभण्डार क्षमताको परीक्षणमा सरकारी र निजी ३०/३० जना विद्यार्थीहरू संलग्न रहका छन् । सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान १७.०७ र मानक विचलन ३.४६ रहेको छ । निजी विद्यालयका विद्यार्थीहरूको मध्यमान १७.३६ र मानक विचलन ४.५६ रहेको छ । मध्यमान र मानक विचलनलाई आधार मानेर विश्लेषण गर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको मध्यमानमा खास अन्तर देखिदैन । त्यसैले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता समान नै देखिन्छ । सार्थकताको तह ०.०५ हुँदा Z मान ±१.९६ भन्दा माथि ननिस्केबाट पनि सो कुराको पुष्टि हुन आउँछ यद्यपि सरकारी विद्यालयका तुलनामा निजी विद्यालयको विद्यार्थीहरूको क्षमता केही विचलित देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १३




तालिका सङ्ख्या : १४


लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको स्थिति

| कुल सङ्ख्या | लिङ्ग | सङ्ख्या | मध्यमान | मनक विचलन | Z मान |
|---|---|---|---|---|---|
| ६० | छात्र | ३० | १६.४३ | ३.६८ | १.३९ |
| | छात्रा | ३० | १८.०३ | ४.६० | |

प्रस्तुत तलिकामा पहिचानात्मक बाल शब्दभण्डार क्षमता परीक्षणका निम्ति ३० जना छात्र र ३० जना छात्रा संलग्न रहेका छन् । यहाँ छात्रहरूको मध्यमान १६.४३ र मानक विचलन ३.६८ रहेको छ । त्यस्तै छात्राहरूको मध्यमान १८.०३ र मानक विचलन ४.६० रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा छात्राको तुलनामा छात्रहरूको मध्यमान केही कमी देखिएकाले छात्रभन्दा छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता केही राम्रो देखिए पनि छात्राहरूको क्षमता छात्रहरूको तुलनामा केही बढी विचलित देखिन्छ । दुबै समूहको मध्यमानमा धेरै अन्तर नरहे तापनि तुलनात्मक रूपमा छात्राहरू केही राम्रा देखिएका छन् यद्यपि दुबै समूहको परीक्षणबाट निस्किएको Z मान १.३९ सार्थकताको तह ०.०५ हुँदा Z मान ±१.९६ भन्दा कम नै रहेकाले छात्र छात्राको पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा स्पष्ट अन्तर रहेको छ भन्न भने सकिदैन ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या :१४




तालिका सङ्ख्या : १५


लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना

| विद्यालयको स्वरूप | लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्र | १५ | १६.७३ | ३.७१ | ०.४९ |
| निजी | छात्र | १५ | १६.०६ | ३.७१ | |

माथिको तालिकामा सरकारी र निजी विद्यालयका १५/१५ जना छात्रहरू रहेका छन् । जसमा सरकारी विद्यालयका छात्रको मध्यमान १६.७३ र मानक विचलन ३.७१ रहेको छ भने निजी विद्यालयका छात्रहरूको मध्यमान १६.०६ र मानक विचलन ३.७१ रहेको छ । दुबै समूहको मध्यमान र मानक विचलनमा लगभग समानता देखिन्छ । यस आधारमा सरकारी र निजी विद्यालयका छात्रहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा खासै अन्तर देखिदैन । दुबै समूहको परीक्षणबाट प्राप्त Z मान ०.४९ रहेको र यो मान ±१.९६ भन्दा कम नै रहेकाले सो तथ्यको पुष्टि हुन आउँछ । अतः सरकारी र निजी विद्यालयको छात्रहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता समान छ भन्न सकिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १५




तालिका सङख्या : १६


लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना

| विद्यालयको स्वरूप | लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्रा | १५ | १७.६ | ३.२० | ०.०३ |
| निजी | छात्रा | १५ | १७.५३ | ४.८५ | |

लिङ्गगत आधारमा पहिचानात्मक बाल शब्दभण्डार क्षमता परीक्षणका क्रममा सरकारी र निजी विद्यालयका छात्राहरूको पनि छुट्टै परीक्षणका लागि १५/१५ जना छात्राहरू संलग्न गराइएको थियो । माथिको तालिका अनुसार सरकारी विद्यालयको छात्राहरूको मध्यमान १७.६ र मानक विचलन ३.२० रहेको छ भने निजी विद्यालयका छात्राहरूको मध्यमान १७.५३ र मानक विचलन ४.८५ रहेको छ । दुबै समूहको मध्यमानमा लगभग समानता देखिएकाले निजी र सरकारी विद्यालयका छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता समान नै देखिन्छ । Z मान ०.०३ मात्र आएकाले सो तथ्यको पुष्टि गर्दछ यद्यपि सरकारी विद्यालयका छात्राहरूको तुलनामा निजी विद्यालयका छात्राहरूको क्षमता बढी विचलित देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १६




४.५ समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना

प्रस्तुत अध्ययनमा विद्यार्थीहरूलाई १५ ओटा उत्पादनात्मक प्रकृतिका प्रश्नहरू सोधिएको छ । जसबाट प्राप्त प्राप्ताङ्का आधारमा उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई तालिकीकरण गरी तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ ।

तालिका सङ्ख्या : १७

समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना


| विद्यालयको स्वरूप | विद्यार्थीसङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सरकारी | ३० | १०.८३ | १.८५ | ०.१३ |
| निजी | ३० | १०.८६ | २ | |

माथिको तालिकामा उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको तुलना गर्नका लागि सरकारी विद्यालयबाट ३० र जिनी विद्यालयबाट ३० जना विद्यार्थीहरू समावेश गरिएको छ । सरकारी विद्यालय तर्फको मध्यमान १०.८३ र मानक विचलन १.८५ रहेको छ भने निजी विद्यालय तर्फको १०.८६ र मानक विचलन २ रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा दवै समूहको मध्यमान प्रायः समान देखिन्छ । त्यसैले सरकारी र निजी विद्यालयका

विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा कुनै भिन्नता रहेको देखिदैन किनभने ०.०५ को सार्थकतामा Z मान ०.१३ मात्र रहेकाले अर्थात् सार्थक नदेखिएबाट उपर्युक्त तथ्य प्रमाणित भएको छ  यद्यपि सरकारी विद्यालयका विद्यार्थीहरूका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको क्षमता केही बढी विचलित देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १७




तालिका सङ्ख्या : १८

लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना


| कुल सङ्ख्या | लिङ्ग | विद्यार्थीसङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| ६० | छात्र | ३० | १०.७७ | २.१४ | ०.३६ |
| | छात्रा | ३० | १०.९६ | १.७६ | |

माथिको तालिकामा उत्पादनात्मक क्षमताको तुलनाका निम्ति सरकारी र निजी विद्यालयबाट ३०/३० जना छात्र र  छात्रालाई संलग्न गराइएको छ । छात्रतर्फको मध्यमान १०.७७ र मानक विचलन २.१४ रहेको छ भने छात्रातर्फको मध्यमान १०.९६ र मानक विचलन १.७६ रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा छात्रको तुलनामा छात्राको मध्यमान केही बढी जस्तो देखिएपनि स्पष्ट अन्तर भने देखिदैन त्यसैले छात्र छात्राको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता लगभग समान नै देखिन्छ । Z मान ०.३६ मात्र आएकाले पनि दुवै समूहको

क्षमता समान छ भन्ने कुराको प्रमाणित गर्दछ  यद्यपि छात्राको तुलनामा छात्रको मानक विचलन केही बढी देखिएकाले छात्रहरूको क्षमता छात्राको तुलनामा बढी विचलित देखिन्छ ।

यसलाई स्तम्भ चित्रलाई यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १८




तालिका सङ्ख्या १९


लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्रहरूको तुलना

| विद्यालयको स्वरूप | लिङ्ग | विद्यार्थीसङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्र | १५ | १०.६७ | २.१६ | ० |
| निजी | छात्र | १५ | १०.६७ | २.१९ | |

प्रस्तुत तालिकामा लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमता मापन गर्नका लागि सरकारी र निजी विद्यालयका १५/१५ जना छात्रहरू समावेश गराइएको छ । सरकारी तर्फका छात्रहरूको मध्यमान १०.६७ र मानक विचलन २.१६ रहेको छ भने निजी विद्यालय तर्फका छात्रहरूको मध्यमान पनि १०.६७ र मानक विचलन २.१९ रहेको  छ । दुवै समूहको मध्यमानमा कुनै अन्तर नभएकाले सरकारी र निजी विद्यालयका छात्रहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता समान रहेको  छ । Z मान ० आउनुले पनि दुवै समुह बिच क्षमतामा कुनै अन्तर छैन भन्ने कुराको पुष्टि गर्दछ । दुवै समूहको मानक विचलनमा पनि लगभग समान स्थिति रहेकाले क्षमताको विचलनको स्थिति पनि समान नै देखिन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : १९




तालिका सङ्ख्या २०


लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्राहरूको तुलना

| विद्यालयको स्वरूप | लिङ्ग | विद्यार्थीसङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|---|
| सरकारी | छात्रा | १५ | १०.८७ | २.९७ | ०.०७ |
| निजी | छात्रा | १५ | १०.९३ | २.९८ | |

प्रस्तुत तालिकामा सरकारी र निजी विद्यालयका १५/१५ जना छात्राहरूको संलग्न गराइएको छ । सरकारी विद्यालयको छात्राहरूको मध्यमान १०.८७ र मानक विचलन २.९७ रहेको छ । निजी विद्यालयका तर्फका छात्राहरूको मध्यमान १०.९३ र मानक विचलन २.९८ रहेको छ यस तथ्यलाई हेर्दा दुवै समूहको मध्यमानमा धेरै अन्तर देखिदैन । निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका छात्राहरू केही अगाडि देखिए पनि Z मान ०.०७ आएबाट सरकारी र निजी विद्यालयका छात्राहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा अन्तर छैन भन्न सकिन्छ । मानक विचलन पनि दुवै समूहको समान नैं देखिएकाले सरकारी र निजी विद्यालयका छात्राहरूको उत्पादनात्मक क्षमताको विचलन पनि लगभग समान नै रहेको पुष्टि हुन्छ ।

यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र सङ्ख्या : २०




४.६ शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरू

प्रस्तुत अध्ययन बाल शब्दभण्डार क्षमता पहिचानसँग सम्बन्धित रहेको छ । बाल शब्दभण्डार क्षमता परीक्षण गर्दा शब्दभण्डार क्षमता अभिबृद्धि सम्बन्धी समस्याहरूलाई पनि पहिचान गरिएको छ । यहाँ नेपाली भाषाका शब्दभण्डार क्षमता अभिबृद्धि सम्बन्धी समस्याहरू र वाल शब्दभण्डार क्षमता अभिबृद्धि सम्बन्धी समस्याहरूलाई अलग अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

४.६.१. नेपाली शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरू :

नेपाली भाषाशिक्षणका क्रममा शब्दभण्डार क्षमता अभिबृद्धि सम्बन्धी समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

४.६.१.१ भाषिक पृष्ठभूमि

शब्दभण्डार क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूको भाषिक पृष्ठभूमिले समस्या खडा गरिदिएको हुन्छ । नेपाली भाषाको शब्दभण्डार क्षमता अभिवृद्धि गर्न गरिएको शब्दभण्डार शिक्षणका क्रममा भएका विद्यार्थीहरू नेपालीइतर मातृभाषिक पृष्ठभूमिबाट आएका पनि हुन्छन् । त्यस्ता अलग भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई शब्दभण्डार शिक्षणमा समस्या उत्पन्न हुन्छ।

४.६.१.२ पाठ्क्रम र पाठ्यपुस्तक सम्बन्धी समस्या :

भाषाशिक्षण विस्तृत योजनाका रूपमा रहेको भाषा पाठ्यक्रम र भाषा शिक्षणको आधार सामाग्रीको रूपमा रहेको भाषा पाठ्यपुस्तक पनि शब्दभण्डार क्षमता अभिवृद्धि गर्नका निम्ति समस्या बन्न सक्छ । पाठ्यक्रममा शब्दभण्डारलाई कम महत्त्व दिनु तथा पठ्पुस्तकमा शब्द

भण्डारको उपयुक्त संयोजन गर्न नसक्दा शब्दभण्डार शिक्षणलाई नै समस्या बन्न पुग्दछ जसले गर्दा शब्दभण्डार क्षमता वृद्धि गराउन सकिदैन ।

४.६.१.३ शब्दभण्डार शिक्षणका विधिका प्रयोग नगर्नु

व्याख्यान विधिको प्रयोगबाट भाषाशिक्षण गर्ने परम्परा हाम्रो देशमा कायम नै छ । शब्दभण्डार शिक्षणका पनि आफ्नै विधिहरू रहेका छन् । पर्यायवाची शब्द दिने, शब्दको अर्थ दिने, परिभाषा दिने आदि जस्ता शब्दभण्डार शिक्षणका तरिकाहरूलाई एकातिर थन्क्याएर केवल व्याख्यात्मक ढंगबाट मात्रै शब्दभण्डार शिक्षण गराउने जस्ता कार्यले पनि शब्दभण्डार क्षमता अभिवृद्धि गर्ने समस्या रहेको छ ।

४.६.१.४. औपचारिक रूपमा शब्दभण्डार शिक्षण नगर्नु

कक्षा कोठामा भाषा शिक्षण गर्दा अधिकांश सरकारी र निजी विद्यालयमा शब्दभण्डारलाई छुट्टै शिक्षण गराईदैन । पाठ्यपुस्तकमा रहेको पाठहरू (.कथा, कविता, निवन्ध आदि ) लाई शिक्षकले व्याख्यात्मक ढंगबाट शिक्षण गर्ने तर अलग अलग पाठ्यवस्तुमा विभाजन गरी शिक्षण नगर्दा शब्दभण्डारको पनि औपचारिक शिक्षण हुँदैन जसले गर्दा शब्दभण्डार क्षमताको अभिवृद्धि गर्न सकिदैन ।

४.६.१.५ प्रयोग पक्षमा जोड नदिनु

शब्दभण्डार शिक्षण गर्दा शब्दको अर्थ मात्र सिकाउने तर ती शब्दहरूलाई प्रयोग सन्दर्भमा लगेर सिकाईदैन । एउटै शब्दले अनेक अर्थ वहन गरेको हुन्छ । तर ती शब्दहरूलाई प्रसङ्गमा प्रयोग गर्न अभ्यस्त नगराउँदा शब्दभण्डार शिक्षण केवल शब्दको अर्थ कण्ठ गर्नेमा मात्र सीमित भएको छ । जसले गर्दा जानेका शब्दहरूलाई विभिन्न प्रंसङ्गमा प्रयोग गर्न विद्यार्थीहरू सक्षम हुँदैनन् । यसले गर्दा शब्दभण्डार क्षमता बृद्धि हुन सक्दैन ।

४.६.१.६ विद्यार्थीको मनोवैज्ञानिक पक्ष

भाषा शिक्षणमा विद्यार्थीको मनोवैज्ञानिक पक्षले जसरी भूमिका खेलेको हुन्छ । त्यसै गरी शब्दभण्डार शिक्षण पनि भाषा शिक्षण कै एक अङ्ग भएकाले यसमा पनि मनोवैज्ञानिक पक्षको प्रंभाव पर्दछ । विभिन्न किसिमका क्षमता र स्तर भएका विद्यार्थीहरूलाई एकै ठाउँमा राखेर शिक्षण गर्नुपर्ने बाध्यता रहेको छ, जसले गर्दा सबै विद्यार्थी क्षमता अभिवृद्धि गराउन कठिन हुन्छ । तीक्ष्ण बुद्धि भएका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो हुने तर अरूको क्षमता वृद्धि गर्न नसकिने स्थिति रहेकाले विद्यार्थीहरूको मनोवैज्ञानिक पक्षले पनि शब्दभण्डार क्षमता अभिवृद्धि गर्नमा समस्या खडा गरिदिएको हुन्छ ।

४.६.२ बाल शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्या :

प्रस्तुत शोधकार्य बाल शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित भएकाले यसको अध्ययनका क्रममा पत्ता लागेका बाल शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) पाठ्यपुस्तकमा पर्याप्त मात्रामा बाल शब्दभण्डारको प्रयोग नहुनु,

ख) शिक्षणका क्रममा बाल शब्दभण्डार शिक्षणमा महत्त्व नदिनु,

ग) पाठगत प्रयोगका आधारमा बाल शब्द प्रयोगको समानुपातिक प्रतिनिधित्त्व हुन नसक्नु,

घ) भाषिक पृष्ठभूमिले बाल शब्दभण्डार शिक्षणमा प्रभाव पर्नु । जस्तै : 'पापा' शब्दको अर्थ राई, लिम्बू मातृभाषी विद्यार्थीहरूले बुवा भन्नु,

ङ) सबै शब्दवर्गका बाल शब्दभण्डार नहुनु अर्थात् बढी मात्रामा नाम वर्गका मात्र शब्दहरू हुनु,

च) बाल गीतहरू बाहेक अन्य पाठहरूमा बाल शब्दभण्डारको प्रयोग नहुनु,

छ) परीक्षाहरूमा बाल शब्दभण्डार सम्बन्धी प्रश्नहरू नसोधिनु,

ज) बाल शब्दभण्डार सम्बन्धी पाठ्यक्रममा कुनै सङ्केतसम्म नहुनु,

प्रस्तुत अध्यायमा कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कलाई मध्यमान, मानक विचलन, Z परीक्षण जस्ता साङ्ख्यिकीको प्रयोग गरी विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको विश्लेषण गरियो । विद्यार्थीहरूको बाल शब्दभण्डार पहिचान गर्नकममा समग्रताका आधारमा पहिचानात्मक र उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको विश्लेषण गरियो । त्यस्तै समग्र क्षमतामा, पहिचानात्मक र उत्पादनात्मक क्षमतामा विद्यालय स्वरुप र लिङ्गगत आधारमा तुलनात्मक विश्लेषण गरियो । समग्रमा भन्दा विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता साह्रै राम्रो नदेखिए पनि विद्यालय स्वरुप र लिङ्गगत दृष्टिले तुलनामत्मक विश्लेषण गर्दा दुवै समूहको क्षमता बीच सार्थक भिन्नता देखिएको छैन ।

# अध्याय पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययन कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । झापा जिल्लाका ६० जना विद्यार्थीहरूको परीक्षणबाट प्राप्त प्राप्ताङ्कका आधारमा व्याख्या विश्लेषण गरिएको छ । अतः कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार सम्बन्धी क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ :

- समग्र बाल शब्दभण्डार क्षमतामा विद्यार्थीहरूको उपलब्धिको मध्यमानलाई आधार मानी मध्यमानभन्दा माथि र तल विद्यार्थीहरूको प्रतिशत हेर्दा ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले समग्र बाल शब्दभण्डार क्षमता साह्रै सन्तोषजनक चाहिँ छैन ।
- समग्र बाल शब्दभण्डार क्षमतालाई विद्यालय स्वरूपका आधारमा हेर्दा सरकारी विद्यालयका विद्यार्थीहरू ५०/५० प्रतिशत मध्यमानभन्दा माथि र तल रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन । निजी विद्यालयका विद्यार्थीहरूको पनि ५०/५० प्रतिशत नै विद्यार्थीहरू मध्यमानभन्दा माथि र तल रहेकाले सरकारी र निजी विद्यालयको विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमता समान किसिमको रहेको छ । त्यस्तै लिङ्गत आधारमा हेर्दा बहुसङ्ख्यक छात्रहरू मध्यमानभन्दा तल रहेकाले छात्रहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन । त्यस्तै बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको बाल शब्दभण्डार क्षमता सामान्य सन्तोषजनक रहेको छ । छात्रको तुलनामा छात्राहरूको क्षमता केही राम्रो रहेको छ ।
- समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा मध्यमानभन्दा तल बहुसङ्ख्यक विद्यार्थीहरू रहेको पाइन्छ । यसरी मध्यमानभन्दा तल बहुसङ्ख्यक र मध्यमानभन्दा माथि अल्पसङ्ख्यक विद्यार्थीहरूको सङ्ख्या रहेकाले समग्रमा विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन ।
- सरकारी विद्यालयका ५०/५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र तल रहेकाले सरकारी विद्यालयको विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक देखिदैन भने निजी विद्यालयका ५६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता सन्तोषजनक नै देखिन्छ । त्यसै गरी लिङ्गगत दृष्टिले हेर्दा ६० प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेकाले छात्रको पहिचानात्मक बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन भने बहुसङ्ख्यक छात्राहरू

मध्यमानभन्दा माथि रहेकाले छात्रका तुलनामा छात्राको पहिचानात्मक बाल शब्दभण्डार क्षमता राम्रो देखिन्छ ।

- पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी विद्यालयका बहुसङ्ख्यक छात्रहरू मध्यमानभन्दा तल र बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा माथि रहेकाले सरकारी विद्यालयको छात्रहरूको क्षमता कमजोर देखिन्छ भने छात्राहरूको क्षमता राम्रो रहेको छ । त्यस्तै निजी विद्यालयका लगभग ६७ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि रहेकाले छात्रहरूको क्षमता राम्रो देखिएको छ भने बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा तल रहेकाले निजी विद्यालयका छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता कमजोर देखिन्छ ।
- उत्पादनात्मक बाल शब्दभण्डारको समग्र स्थितिमा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहनाले विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक मान्न सकिन्छ ।
- उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहका विद्यार्थीहरूको क्षमता विश्लेषण गर्दा छात्रतर्फ ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि देखिन्छन् । यस तथ्यलाई हेर्दा छात्रहरूको क्षमता सामान्य सन्तोषजनक भए पनि उत्कृष्ट मान्न सकिदैन । छात्रातर्फ बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता भने सन्तोषजनक देखिएको छ । सरकारी र निजी विद्यालयको विद्यार्थीहरूको उत्पादनात्मक क्षमता हेर्दा सरकारी विद्यालयका करिब ५७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले उत्पादनात्मक क्षमता राम्रो देखिन्छ भने निजी विद्यालयका लगभग ५३ प्रतिशत मात्र विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले निजी विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक क्षमता सामान्य सन्तोषजनक मात्र मान्न सकिन्छ ।
- समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्र छात्राको छुट्टा छुट्टै विश्लेषण गर्दा सरकारी विद्यालयका छात्रहरूको उत्पादनात्मक क्षमता सामान्य मात्र देखिन्छ भने बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको उत्पादनात्मक क्षमता चाहिँ राम्रो देखिएको छ । त्यस्तै निजी विद्यालयका छात्रहरूको क्षमता कमजोर रहेको छ भने ६० प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको क्षमताको स्थिति सबल देखिएको छ ।
- समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको क्षमता तुलना गर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमतामा

सार्थक भिन्नता पाइदैन । z मान ०.१८ मात्र आएकाले प्राक्कल्पनालाई स्वीकार गरिएको छ यद्यपि मध्यमानका आधारमा भने निजी विद्यालयका विद्यार्थीहरूको क्षमता केही राम्रो देखिन्छ ।

- समग्र बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना गर्दा z मान १.१६ मात्र निस्किएबाट लिङ्गगत दृष्टिले बाल शब्दभण्डार क्षमतामा अन्तर नरहेको पुष्टि हुन्छ तर छात्रको तुलनामा छात्राको क्षमता केही सकरात्मक देखिन्छ ।
- समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्रहरूको क्षमतामा खास अन्तर देखिदैन । मध्यमान र मानक विचलन लगभग समान रहेको र z मान ०.०५ मा सार्थक नदेखिएकाले क्षमतामा अन्तर नरहेको पुष्टि हुन्छ ।
- सरकारी र निजी विद्यालयका छात्राहरूको क्षमता परीक्षणबाट प्राप्त z मान ०.०५ मा सार्थक नदेखिएकाले सरकारी र निजी विद्यालयका छात्राहरूको बाल शब्दभण्डार क्षमतामा पनि समान नै देखिन्छ यद्यपि मध्यमानका दृष्टिले भने सरकारी विद्यालयका छात्राका तुलनामा निजी विद्यालयका छात्राको क्षमता केही राम्रो देखिएको छ ।
- समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको क्षमतामा सार्थक भिन्नता देखिदैन । z मान ०.२८ निस्किएबाट सो कुराको पुष्टि हुन्छ । यद्यपि सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको क्षमता केही बढी विचलित देखिएको छ ।
- पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको क्षमतामा पनि खास अन्तर देखिदैन । मध्यमानका दृष्टिले भने छात्राहरूको तुलनामा छात्राहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिन्छ ।
- पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना गर्दा दुबै समूहको z परिक्षणबाट प्राप्त परिणाम ०.४९ मात्र भएकाले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता समान रहेको पुष्टि हुन्छ । मध्यमान र मानक विचलनका दृष्टिले पनि दुवै समूहको क्षमतामा खास अन्तर देखिदैन ।

- पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूमा पनि अन्तर देखिदैन । z मान ०.०३ आएको र मध्यमान र मानक विचलन पनि लगभग समान रहेकाले सो कुराको पुष्टि हुन्छ ।

- उत्पादनात्मक बाल शब्दभण्डारसम्बन्धी सरकारी र निजी विद्यालयका विद्यार्थीहरू बीच खास अन्तर देखिदैन । दुबैको परीक्षणबाट प्राप्त z मान ०.१३ मात्र भएकाले सो कुराको पुष्टि गर्दछ । दुबै समूको मध्यमान लगभग समान भएपनि सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीको क्षमता बढी विचलित देखिएको छ ।
- १८. उत्पादनात्मक बाल शब्दभण्डार क्षमता लैङ्गिक दृष्टिकोणबाट तुलनात्मक विश्लेषण गर्दा खासै भिन्नता देखिदैन । अर्थात् छात्रा र छात्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको स्थिति समान नै रहेको देखिन्छ । दुवै समूहको मध्यमान समान रहेको र z मान ०.०५ को तहमा सार्थक नदेखिएबाट सोही कुराको प्रमाणित हुन्छ ।
- उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना गर्दा सरकारी र निजी विद्यालयका छात्रहरूको बाल शब्दभण्डार क्षमता समान रहेको देखिन्छ । दुवै समूहको मध्यमान समान रहेको र z मान ० आउनुले सरकारी र निजी विद्यालयका छात्राहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा कुनै अन्तर नरहेको पुष्टि हुन्छ ।
- उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामै सरकारी र निजी विद्यालयको छात्राहरूको क्षमता पनि समान नै देखिएको छ । निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका छात्राहरू केही अगाडि देखिए पनि z मान ०.०७ मात्र आएकाले सरकारी र निजी विद्यालयका छात्राहरूको बाल शब्दभण्डार क्षमतामा खासै भिन्नता नरहेको प्रमाणित हुन्छ।
- शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी केही समस्याहरू रहेका छन् । विद्यार्थीहरूमा नेपाली भाषाको शब्दभण्डार क्षमता अभिवृद्धि गर्न देखा परेका समस्याहरूमा भाषिक पृष्ठभूमि, पाठ्यक्रम र पाठ्यपुस्तक, शब्दभण्डार शिक्षण विधिको प्रयोग नगर्नु, औपचारिक रूपमा शब्दभण्डार शिक्षण नगर्नु, प्रयोग पक्षमा जोड नदिनु , विद्यार्थीहरूको मनोवैज्ञानिक पक्ष आदि देखिएका छन् ।
- प्रस्तुत अध्ययनका क्रममा विद्यार्थीहरूमा बाल शब्दभण्डार क्षमता बढाउन नसकिने केही कारणहरू पहिचान गरियो । पाठ्यपुस्तकमा पर्याप्त बाल शब्दभण्डार नहुनु, बाल शब्दभण्डार शिक्षण नहुनु, पाठ्यपुस्तकमा समानुपातिक ढङ्गले बाल शब्दको प्रयोग नहुनु, विद्यार्थीहरूको भाषिक पृष्ठभूमिले प्रभाव पार्नु, बाल शब्दभण्डार सम्बन्धी पाठ्क्रममा कुनै सङ्केतसम्म नहुनु आदि जस्ता कारणहरूले बाल शब्दभण्डार क्षमता वृद्धि गर्न नसकिएको देखिन्छ ।

## ५.२ सुझावहरू

यो अध्ययन कक्षा १ को पाठ्पुस्तकमा प्रयुक्त बाल शब्दभण्डारमा मात्रै सीमित गएिको थियो। यस क्रममा कक्षा १ को पाठ्यपुस्तकमा प्रयुक्त बाल बोलीका शब्दहरूको आधारमा विद्यार्थीहरूको क्षमताको आँकलन गरिए पनि सम्पूर्ण बाल शब्दभण्डार क्षमताका आँकलन भने गर्न सकिएको छैन यद्यपि यस अनुसन्धानबाट कक्षा १ मा अध्ययनरत विद्यार्थीको बाल शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको देखियो । सरकारी र निजी दुवै तर्फका विद्यार्थीहरूको क्षमता त्यति उत्कृष्ट देखिएन यसका कारणहरूमा पाठ्यपुस्तकमा बाल शब्दभण्डारलाई कम महत्त्व दिनु शिक्षणकै क्रममा पनि बालबोलीका शब्दहरूलाई वेवास्था गर्नु, सरकारी र निजी विद्यालयका पाठ्यपुस्तकमा विभेद देखिनु आदि जस्ता सम्पूर्ण कुरालाई ध्यान राखी स्तरयुक्त र उपयुक्त बाल शब्दलाई पनि सुरूका कक्षाका पाठ्यपुस्तकमा समावेश गराउनु आवश्यक देखिन्छ । बाल शब्दभण्डार सम्बन्धी समस्याहरूको निराकरण गर्न निम्नलिखित सुझाबहरू दिन सकिन्छ ।

- सुरूका कक्षाहरूको भाषापाठ्यक्रम तथा पाठ्यपुस्तकमा बाल शब्दहरूलाई पर्याप्त स्थान दिइनु पर्दछ ।
- भाषा पाठ्यपुस्तकामा समावेश गरिएका पाठहरूमा  बाल शब्दहरूको समानुपातिक प्रतिनिधित्त्व गराउन आवश्यक छ ।
- शब्दभण्डार भाषाको महत्वपूर्ण पक्ष भएकाले भाषा शिक्षणका क्रममा सुरूका कक्षाहरूमा बाल शब्दभण्डारको शिक्षणमा पनि ध्यान दिनु पर्दछ ।
- परीक्षाहरूमा पनि शब्दभण्डार सम्बन्धी प्रश्नहरू निर्माण गर्दा बाल शब्दभण्डारलाई पनि समावेश गराउनु राम्रो हुन्छ ।
- पाठ्यक्रममा बाल शब्दभण्डार सम्बन्धी कुनै सङ्केतसम्म नभएकाले पाठ्यक्रम निर्माण गर्दा बाल शब्दभण्डारलाई शिक्षण  गर्न निर्देशन दिइनु पर्दछ ।
- शब्दभण्डारसम्बन्धी भाषाको शिक्षण गर्दा प्रयोग हुन सक्ने सामग्रीको निर्माण र प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।
- निजी विद्यालयमा बाल शब्दभण्डार क्षमता त्यति सन्तोषजनक नरहेकाले निजी विद्यालयका शिक्षक शिक्षिकाहरूलाई तालिम तथा सेमिनारहरूमा सहभागी गराई नवीन शिक्षण विधिहरूको प्रयोग गर्न प्रोत्साहन गर्नु पर्दछ ।

- भाषिक व्यवहारलाई सक्षम बनाउनका निम्ति सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपको विकासमा जोड दिई भाषा पाठ्यपुस्तकमा यस सम्बन्धी शब्दभण्डार प्रवेश गराउनु पर्दछ ।
- विद्यार्थीहरूकै रूचि,क्षमता,उमेर आदि मनोबैज्ञानिक पक्ष आदिलाई ख्याल गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनुपर्छ ।
- अव्यवहारिक र कठिन शब्दहरूको व्यवहारिक र सरल किसिमका शव्दहरू भाषा पाठ्यपुस्तकमा प्रयोग गर्नुपर्छ ।
- सुरूका कक्षाको पाठ्यपुस्तक पहिचानात्मक,उत्पादनात्मक,आधारभुत तथा बाल शब्द आदि किसिमका शब्दहरूलाई समानुपातिक दृष्टिले स्थान दिएर निर्माण गरिनुपर्छ ।
- बालक विद्यालय प्रवेश गरेको कक्षामै जटिल कठिन शब्दहरू प्रयोग भएमा सिकाइमा असर पर्दछ । त्यसैले सुरूका कक्षा र दिनहरूमा उनीहरूले जानेका बाल शब्दहरूको शिक्षणबाट उनीहरूलाई पढाइमा रूची जगाई प्रभावकारी शिक्षण गराउन सकिन्छ ।
- शब्दभण्डार शिक्षणका क्रममा शब्दभण्डार शिक्षणका नवीन विधि तथा क्रियाकलापहरूलाई प्रयोग गरिनुपर्छ ।
- समग्रमा शब्दभण्डार छनौटका आधारभूत पक्षहरू आवृत्ति विस्तरण, व्यापन, प्राप्याता आदि जस्ता पक्षलाई ध्यानमा राखी सरल मध्यम, जटिल क्रमिक ढङ्गबाट शिक्षण गराउन उपुयक्त हुने ढङ्गको पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ ।

## ५.३ शैक्षिक प्रयोजन

यस अनुसन्धानकर्ताले प्रस्तुत अध्ययनको निम्नलिखित शैक्षिक प्रयोजन भएको अनुभव गरेको छ ।

- यस अनुसन्धानले भाषा पाठ्यपुस्तकमा प्रयोग भएका बाल शब्दभण्डारको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले तल्ला कक्षाहरूका पाठ्यपुस्तकहरूमा बाल शब्दभण्डारको प्रयोग गर्नु पर्ने आवश्यकताको बोध गराउने छ ।
- यस अध्ययनले भाषा पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यपुस्तक निर्मातालाई स्तर अनुकूल बाल शब्दभण्डारको छनोट र स्तरण गर्न सचेत गराउने छ ।
- यस अध्ययनबाट तल्ला कक्षाहरूका भाषा पाठ्यपुस्तकहरूका शब्दभण्डारमा परिष्कार र परिमार्जन साथै सुधार गर्न आवश्यक मद्दत पुऱ्याउने कुरामा विश्वास लिन सकिन्छ ।

- यस अनुन्धानले पाठ्क्रम निर्माता तथा शिक्षक, शिक्षिकाहरूलाई बाल शब्दको महत्त्व बुझाउने छ ।
- यस अध्ययनले कक्षा कोठामा बाल शब्दभण्डार शिक्षण गर्न आवश्यक रहेको कुराको सचेत गराउने छ ।
- प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा विद्यार्थीहरूको बालशब्दभण्डार क्षमता पहिचान गरी सोही अनुसारको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्न र कक्षाकोठामा शिक्षण गर्नका निम्ति आवश्यक सहयोग पुऱ्याउनेछ ।
- यस अध्ययनले बाल शब्दभण्डारको औपचारिक शिक्षण गर्न प्रेरित गर्नेछ ।
- यस अनुसन्धानले विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिल्याई पठनपाठन गर्न सहयोग पुऱ्याउनेछ ।
- यस अध्ययनले बालबालिकाहरूलाई बाल शब्दहरूको बेवास्ता गरी जटिल र कठिन शब्दभण्डारको शिक्षण गराउने कार्यलाई निरूत्साहित गरी शरूका कक्षाहरूमा सरल ढङ्गको बाल शब्दभण्डारको शिक्षणबाट क्रमशः जटिल शब्दभण्डारको शिक्षण गराउनेमा सघाउ पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।
- विद्यार्थीहरूको बालशब्दभण्डार क्षमता जस्तै अन्य भाषिक सीपसँग सम्बन्धित नयाँ अनुसन्धान गर्न प्रस्तुत अध्ययनले भावी अध्येताहरूलाई समेत प्रेरित गर्ने देखिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

यस अनुसन्धान पश्चात् यस अनुसन्धानसँग सम्बन्धित भावी अनुसन्धानकर्ताका निम्ति निम्नलिखित सम्भावित शीर्षकहरू उल्लेख गरिएको छ :

- कक्षा एकमा अध्ययन गर्ने बालबालिकाहरूले प्रयोग गर्ने बाल शब्दभण्डारको अध्ययन
- कक्षा एकको पाठ्यपुस्तकमा प्रयुक्त बाल शब्दावलीको अध्ययन
- बाल शब्दावली र तिनको प्रयोगको अध्ययन
- कक्षा दुईको पाठ्यपुस्तकमा भएको बाल शब्दभण्डारको अध्ययन
- बाल साहित्यमा प्रयोग भएका बाल शब्दभण्डारको अध्ययन
- दोस्रो भाषी विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन
- बाल भाषाको प्रमुख चरणको अध्ययन
- नेपाली भाषामा भएका बाल शब्दावलीको अध्ययन
- बाल भाषाको अध्ययनमा बाल साहित्यको उपयोगको अध्ययन

# सन्दर्भग्रन्थसूची

पुस्तकहरू


अधिकारी, हेमाङ्गराज (२०५६), **सामाजिक र प्रयोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

.....................................(२०६६), **समसामयिक नेपाली व्याकरण**, (पाँचौ संस्करण) काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

.......................................(२०६७), **'नेपाली भाषा शिक्षण,** (नवौं संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०६६), **सामान्य भाषा विज्ञान, काठमाडौं** : बाङ्मय प्रकाशन गृह ।

नेपाल, दुर्गाप्रसाद (२०५२), **व्याकरणबोध**, काठमाडौं : अनामिका पब्लिकेशन ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, **मेरो नेपाली किताब कक्षा १**, भक्तपुर : जनक शिक्षा सामाग्री केन्द्र ।

पोखेल, बालकृष्ण र अन्य (सम्पा.) (२०६७), **नेपाली बृहत शब्दकोश** (सातौ संस्करण), काठमाडौं : ने.रा.प्र.प्र.।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : हिरा बुक्स इन्टरप्राईजेज ।

........................(२०६५), **'सामाजिक तथा मनोभाषाविज्ञान'**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलाराज (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं पिनाकल पब्लिकेशन प्रा.लि. ।

लम्साल, रामचन्द्र (२०६८), **नेपाली भाषा र व्याकरण** (तेस्रो संस्करण), काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र अन्य (२०६६) (सम्पादक), **मेरो नेपाली किताब कक्षा १**, भक्तपुर : पाठ्क्रम विकास केन्द्र ।

शर्मा, मोहनराज (२०५३), **शब्दरचना र वर्ण विन्यास,** काठमाण्डौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र अन्य (२०६६), **हाम्रो नेपाली - १**, काठमाण्डौं : पालुवा प्रकाशन प्रा. लि. ।

शोधपत्रहरू


अधिकारी, केशवराज (२०६०), **आठ कक्षा पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन**, (अप्रकाशित एम. एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

पौडेल, राधा (२०६४), **कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन**, ( अप्रकाशित एम. एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

बाँस्तोला, मैयाकुमारी (२०६१), **कक्षा ७ को नेपाली पाठ्यपुस्तकको कथा र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन**, (अप्रकाशित एम एड शोधपत्र ) त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६०), **प्राथमिक तह ( १- ३) का विद्यार्थीहरूको आधाभूत शब्दभण्डारको निरूपण,** (अप्रकाशित विद्यावारिधि शोधपत्र ) शिक्षा शास्त्र संकाय त्रि.वि. कीर्तिपुर ।

रेग्मी, वेदराज (२०६८), **कक्षा १० को नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,** (अप्रकाशित एम. एड. शोधपत्र ) त्रि.वि. कीर्तिपुर।

शर्मा, मित्रलाल (२०६६), **कक्षा ४ पूरा गरेका दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमताहरूको अध्ययन,** (अप्रकाशित एम. एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, अशोदाकुमारी (२०६७), **सिन्धुली जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,** (अप्रकाशित एम. एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

परिशिष्ट 'क'

बाल शब्दभण्डार क्षमता परीक्षणका निम्ति प्रयोग गरिएका प्रश्नहरू

विद्यार्थीको नाम :-..............................................................कक्षा
उमेर :-.....................                                                    छात्र/छात्रा
विद्यालयको नाम :-....................................................

खण्ड 'क'

अ) ठीक अर्थमा अगाडि रेजा(✓)चिन्ह लगाऊ ।

जस्तै : तेते

क) पानी    ख) तेल ✓    ग) घिउ    घ) दूध

१) पापा
क) खेलौना    ख) मिठाई    ग) लुगा    घ) चरा

२) बुबु
क) दूध    ख) पानी    ग) तेल    घ) मोही

३) माम
क) तरकारी    ख) खिर    ग) अचार    घ) भात

४) चाचा
क)गहना    ख) झण्डा    ग) लुगा    घ) सुन्तला

५) टिकी
क)मुन्द्रा    ख) चुरा    ग) टिका    घ) घडी

६) बाला
क) फुली    ख) पोते    ग) पाउजु    घ) चुरा

७) चिची
क) मासु    ख) साग    ग) दाल    घ) दही

८) नाना
क) जुत्ता    ख) पुतली    ग) लुगा    घ) साइकल

९) निनी गर्नु
क) सुत्नु    ख) भन्नु    ग) खानु    घ) नाच्नु

१०) मुनीमुनी
क) बाछो    ख) पाडो    ग) बाख्रो    घ) चल्लो

११) पुतली
क) खेलौना    ख) नाना    ग) गमला    घ) टपरी

१२) कुखुरी
क) ढुकुर    ख) सुँगा    ग) परेवा    घ) कुखुरा

१३) फुइ
क) पानी    ख) आगो    ग) माटो    घ) दाउरा

१४) गाग्री
क) बाल्टी    ख) थाल    ग) गाग्रो    घ) कराई

१५) ढुकुमुकु
क) बालखेल    ख) ढिकी    ग) ढुकुर    घ) ढुङ्गा

आ) धर्को तानी जोडा मिलाऊ ।

गाई    च्याँच्याँ
बाखो    काँकाँ
बच्चो    म्याँउम्याँउ

बिरालो		बाँबाँ
काग		म्याम्या

इ) धर्को तानी जोडा मिलाऊ ।

गाजली		चुल्ठो बाटेको
चुलठी		बच्चा
जामा		बुबा
नानी		लुगा
बाबा		गाजल लगाएको

खण्ड (ख)

ई) खाली ठाउँमा मिल्दो शब्द राखी कविता पूरा गर ।

ताराबाजी ..................................
.................. आए घोडा
माइजु आइन्...........................
पापा ल्याइन्........................
बुबु माम.............................
काफल गेडी.....................
विरालो भन्छ..............
अगुल्टो भन्छ उछिट्याँऊ ।

उ) ठीक शब्द छानेर खाली ठाउँ भर ।

क) बहिनी ..................नाच्छे । ( ठमठम, छमछम, समसम )
ख) खोला ....................गरेर बग्छ । ( कलकल, खलखल, पलपल )
ग) कमिलाले खुट्टामा ...............टोक्यो । ( फिटिक्क, सिटिक्क, किटिक्क )
घ) चरा ............... उड्यो । ( सुर्र, खुर्र, भुर्र )
ङ) गाईको बाच्छो .................उफ्रन्छ । ( बुरूक्क, खुरूक्क, सुरूक्क )
च) तिमी .......................पढ । ( लुरूलुरू, भुरूभुरू, खुरूखुरू )
छ) भाइ ................... हिड्यो । (समसम, ठमठम, छमछम )
ज) बाखाको मुने ................ गरी उफ्रन्छ । ( गुनुगुनु, छुनुमुनु, सुनुसुनु )

समाप्त

## परिशिष्ट 'ख'

परीक्षणका निमित्त प्रयोगमा ल्याइएका विद्यालयहरू

सरकारी विद्यालय
श्री राष्ट्रिय रमणीय आदर्श उच्च माध्यमिक विद्यालय, झापा
श्री मैनाचरी प्राथमिक विद्यालय, झापा
श्री भीमनारायण प्राथामिक विद्यालय, झापा

निजी विद्यालय
श्री ध्रुवतारा आवासीय माध्यमिक विद्यालय, झापा
श्री क्याम्ब्रिज अङ्ग्रेजी माध्यमिक विद्यालय, झापा
श्री प्रतिभा अङ्ग्रेजी माध्यमिक विद्यालय, झापा

## परिशिष्ट 'ग'

नेपाली भाषामा रहेका केही बाल शब्दहरू

| बाल शब्द | सामान्य शब्द | बाल शब्द | सामान्य शब्द |
|---|---|---|---|
| फुई | आगो | काइँ गर्नु | कपाल कोर्नु |
| कोसी | केरा | गुजी | कीरो |
| नाना | लुगा | हाम गर्नु | खानु |
| माम | भात | बाँ | गाई |
| आईं | भैँसी | ते ते | तेल |
| सुरी | बिरालो | आची | दिसा/फोहोर |
| पुई गर्नु | पिउनु | सु | पिसाब |
| मने | पाठो | पाई गर्नु | पट्नु |
| बुबु | दूध | भ्या | भेडो |
| पापा | खाने चिज | निनी | बाछो |
| चाचा | खेलौना/गहना | थु गर्नु | थुक्नु |
| कुती | कुकुर | ठूली | ढोग/प्रणाम |
| ताती गर्नु | हिड्नु | चिची | मासु |
| कक गर्नु | पढ्नु | डङ गर्नु | लड्नु |
| कुरी हुनु | लाज हुनु | फु गर्नु | फुक्नु |
| फाई गर्नु | फ्याँक्नु | चिम्म गनु/ | |
| हर गर्नु | नुहाउनु | ढुकु गर्नु | सुत्नु |

## परिशिष्ट ‘घ’ (गणित)

१. बालशब्दभण्डार क्षमता परीक्षणबाट विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कहरू निम्नानुसार छः

२८, ३१, ३०, ३३, ३५, ३२, ३०, १९, २३, ३४, २७, २१, १८, २४, २९, २८, २५, ३५, ३२, २२, ३१, ३२, ३१, २७, २५, २१, २९, २८, २४, ३३, २१, २१, ३८, २७, २२, ३१, ३४, २०, ३५, २५,

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | fx | $x^2$ | $fx^2$ |
|---|---|---|---|---|

२२, २६, २९, २०, ३१, २६, २४, १७, ३३, ३९, ३७, ३४, ३७, ३६, ३१, १६, २५, ३१, २७, ३०

माथिका प्राप्ताङ्कका आधारमा निम्नानुसार मध्यमान र मानक विचलन निकालिएको छ :

| | | | | |
|---|---|---|---|---|
| १६ | १ | १६ | २५६ | २५६ |
| १७ | १ | १७ | २८९ | २८९ |
| १८ | १ | १८ | ३२४ | ३२४ |
| १९ | १ | १९ | ३६१ | ३६१ |
| २० | २ | ४० | ४०० | ८०० |
| २१ | ४ | ८४ | ४४१ | १७६४ |
| २२ | ३ | ६६ | ४८४ | १४५२ |
| २३ | १ | २३ | ५२९ | ५२९ |
| २४ | ३ | ७२ | ५७६ | १७२८ |
| २५ | ४ | १०० | ६२५ | २५०० |
| २६ | २ | ५२ | ६७६ | १३५२ |
| २७ | ४ | १०८ | ७२९ | २९१६ |
| २८ | ३ | ८४ | ७८४ | २३५२ |
| २९ | ३ | ८७ | ८४१ | २५२३ |
| ३० | ३ | ९० | ९०० | २७०० |
| ३१ | ७ | २१७ | ९६१ | ६७२७ |
| ३२ | ३ | ९६ | १०२४ | ३०७२ |
| ३३ | ३ | ९९ | १०८९ | ३२६७ |
| ३४ | ३ | १०२ | ११५६ | ३४६८ |
| ३५ | ३ | १०५ | २२२५ | ३६७५ |
| ३६ | १ | ३६ | १२९६ | १२९६ |
| ३७ | २ | ७४ | १३६९ | २७३८ |
| ३८ | १ | ३८ | १४४४ | १४४४ |
| ३९ | १ | ३९ | १५२१ | १५२१ |
| | N = ६० | $\sum fX$ =१६८२ | | $\sum fX^2$ = ४९०५४ |

यहाँ

मध्यमान $\overline{X}$ $= \frac{\sum fX}{N}$

$= \frac{१६८२}{६०}$

$=$ २८.०३

अब मानक विचलन,

$$\pm = \sqrt{\frac{\sum fX^2 - \left(\sum fX\right)^2 / N}{N}}$$

$$= \sqrt{\frac{४९०५४ - (१६८२)^{२}/६०}{६०}}$$

$$= \sqrt{\frac{४९०५४ - ४७१५२}{६०}}$$

$$= \sqrt{\frac{१९०२}{६०}}$$

$$= \sqrt{३१.६३}$$

$$= ५.६३$$

२. सरकारी र निजी विद्यालयका क्षमताको तुलना

सरकारी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क

२८, ३१, ३०, ३३, ३५, ३२, ३०, १९, २३, ३४, २७, २१, १८, २४, २९, २८, २५, ३५, ३२, ३२, ३१, ३१, २७, २५, २१, २९, २८, २४, ३३ छ

निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क

२१, २१, ३८, २१, २२, ३१, ३४, २०, ३५, २५, २२, २६, २९, २०, २६, २४, १७, ३३, ३९, ३७, ३४, ३७, ३६, ३१, १६, २५, ३१, २७, ३०

| सरकारी | | | | | निजी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राप्ताङ्क (x) | आवृत्ति (f) | fx | $x^2$ | $fx^2$ | प्राप्ताङ्क (x) | आवृत्ति (f) | fx | $x^2$ | $fx^2$ |
| १८ | १ | १८ | ३२४ | ३२४ | १६ | १ | १६ | २५६ | २५६ |
| १९ | १ | १९ | ३६१ | ३६१ | १७ | १ | १७ | २८९ | २८९ |
| २१ | २ | ४२ | ४४१ | ८८२ | २० | २ | ४० | ४०० | ८०० |
| २२ | १ | २२ | ४८४ | ४८४ | २१ | २ | ४२ | ४४१ | ८८२ |
| २३ | १ | २३ | ५२९ | ५२९ | २२ | २ | ४४ | ४८४ | ९६८ |
| २४ | २ | ४८ | ५७६ | ११५२ | २४ | १ | २४ | ५७६ | ५७६ |
| २५ | २ | ५० | ६२५ | १२५० | २५ | २ | ५० | ६२५ | १२५० |
| २७ | २ | ५४ | ७२९ | १४५८ | २६ | २ | ५२ | ६७६ | १३५२ |
| २८ | ३ | ८४ | ७८४ | २३५२ | २७ | २ | ५४ | ७२९ | १४५८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | २ | ५८ | ८४१ | १६८२ | २९ | १ | २९ | ८४१ | ८४१ |
| ३० | २ | ६० | ९०० | १८०० | ३० | १ | ३० | ९०० | ९०० |
| ३१ | ३ | ९३ | ९६१ | २८८३ | ३१ | ४ | १२४ | ९६१ | ३८४४ |
| ३२ | ३ | ९६ | १०२४ | ३०७२ | ३३ | १ | ३३ | १०८९ | १०८९ |
| ३३ | २ | ६६ | १०८९ | २१७८ | ३४ | २ | ६८ | ११५६ | २३१२ |
| ३४ | १ | ३४ | ११५६ | ११५६ | ३५ | १ | ३५ | १२२५ | १२२५ |
| ३५ | २ | ७० | १२२५ | २४५० | ३६ | १ | ३६ | १२९६ | १२९६ |
| | | | | | ३७ | २ | ७४ | १३६९ | २७३८ |
| | | | | | ३८ | १ | ३८ | १४४४ | १४४४ |
| | | | | | ३९ | १ | ३९ | १५२१ | १५२१ |
| | N = ३० | $\sum fX$=८३७ | | $\sum fX^2$ = २४०१३ | | N = ३० | $\sum fX$ = ८४५ | | $\sum fX^2$= २५०४१ |

यहाँ,

मध्यमान $\overline{X}$ $= \frac{\sum fX}{N}$

$= \frac{८३७}{३०}$

$=$ २७.९

अब मानक विचलन,

$\pm = \sqrt{\frac{\sum fX^2 - (\sum fX)^2 / N}{N}}$

$= \sqrt{\frac{२४०१३ - (८३७)^२ / ३०}{३०}}$

$= \sqrt{\frac{२४०१३ - २३३५२}{३०}}$

$= \sqrt{\frac{६६१}{३०}}$

$= \sqrt{२२.०३}$

$=$ ४.६९

यहाँ,

मध्यमान $\overline{X}$ $= \frac{\sum fX}{N}$

$= \frac{८४५}{३०}$

$=$ २८.१७

अब मानक विचलन,

$\pm = \sqrt{\frac{\sum fX^2 - (\sum fX)^2 / N}{N}}$

$= \sqrt{\frac{२५०४१ - (८४५)^२ / ३०}{३०}}$

$= \sqrt{\frac{२५०४१ - २३८००}{३०}}$

$= \sqrt{\frac{१२४१}{३०}}$

$= \sqrt{४१.३७}$

$=$ ६.४३

अब, दुवै समूहको परीक्षणबाट निम्नानुसार Z मान निकालिएको छ :

| सरकारी (समूह क) | निजी (समूह ख) |
|---|---|
| विद्यार्थी सङ्ख्या ($N_1$) = ३० | विद्यार्थी सङ्ख्या ($N_2$) = ३० |
| मध्यमान ($\bar{X}_1$) = २७.९ | मध्यमान ($\bar{X}_2$) = २८.१७ |
| मानक विचलन ($S_1$) = ४.६९ | मानक विचलन ($S_2$) = ६.४३ |

अब,

$$Z = \frac{\overline{X_2} - \overline{X_1}}{\sqrt{\frac{S_2^2}{N_2} + \frac{S_1^2}{N_1}}}$$

$$= \frac{२८.१७ - २७.९}{\sqrt{\frac{(६.४३)^२}{३०} + \frac{(४.६९)^२}{३०}}}$$

$$= \frac{०.२७}{\sqrt{१.३८ + ०.७३}}$$

$$= \frac{०.२७}{\sqrt{२.११}}$$

$$= \frac{०.२७}{१.४५}$$

$$= ०.१८$$